Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- १९, २०७७ साल मंसिर २३ गते मंगलबार (Dec 8, 2020) www.janaakash.com.np मूल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# नगरिक अगुवाको राजतन्त्र फर्काउने उदघोष

- हजारौ नागरिकहरु शान्तिपुर्ण आन्दोलनमा सहभागी ।
- नेपालमा हरेक १० बर्षमा अन्यौलता ।
- आन्दोलन नेपालको बास्तविक देशभक्तहरुको नेतृत्वमा छ ।

काठमाडौ । यहि २० गते काठमाडौको माइतीघर मण्डलामा नागरिक आन्दोलनको नामवाट नेपली झण्डासहित हजारौ नागरिकहरु शान्तिपुर्ण आन्दोलनमा सहभागी भएका थिए । सहभागी भएका अगुवाहरुले राजा आउ देश बजाउ, भ्रष्टचार नियन्यन्त्रण गर, गणतन्त्र मुर्दावाद जस्ता नाराहरु लगाउदै माईतीघरमा जम्मा भएका आन्दोलनकारीहरु नागरिकहरुको जुलुस नयाँ बानेश्वरमा पुगेर सभामा परिणत भएको थियो ।

त्यसैदिन प्रदेश नं ३ को चितवनमा प्रदेश नं १ को झापामा नागरिक आन्दोलनको नामवाट हजारौ हजार मानिसहरु सहभागी भई शान्तिपुर्ण आन्दोलनमा सहभागी भएको देखिन्थ्यो ।

नेपालमा हरेक १० बर्षमा अन्यौलता छाउने र अस्थिर सरकार भईरहने त्यो अस्थिर सरकार हुदा देशका बिकाश निर्माण हरेक क्षेत्रमा प्रभाव पर्ने गर्‍थ्यो तर २०६२/६३ को आन्दोलन पछि २०७२ मा बनेको संविधान र त्यही संविधानमा उल्लेखित तीन तहको




सरकार कार्यन्यन गरेर जाने क्रममा बनेको सरकारले ३ बर्ष कार्यकाल पुरा गरेको छ । अर्को तर्फ १४ बर्षसम्म कुनै अन्यौलता उठेको थिएन । नेपालमा आफ्नो उत्पादन केही नहुने नगर्ने र बिदेशि सामान आयात गरेर बेच्ने ट्रेडर्स कम्पनीहरुले नेपालको राजनीति चलाउने चलन पुरानै हो । जति देशलाई अस्थिरतामा धकेल्यो यस्ता ट्रेडर्सहरुलाई बढी फाईदा हुने गर्छ भने अर्को तर्फ अन्तराष्ट्रिय रुपमा समेत नेपालमा अस्थिरता हुदा छिमेक तिरका राष्ट्रहरुले नेपालमा गुणस्तरहीन सामान बेच्ने काम गर्छन ।

नेपालीहरु भन्ने बेलामा स्वाभिमानका कुरा गरिरहेका हुन्छन् । तर अरुनै देशका निर्देशनमा चल्ने नेताको पछि लागेर नेपाललाई एउट गोलभेडा समेत अरु देशको भरपर्नुपर्ने अवस्था पु¥याउन यस्ता खाले आन्दोलनको सृर्जना गरिराख्नले यस्ता खालका असर परिरहेको हुन्छ । त्यसकारण आन्दोलनहरु नेपालमुखी छनकी छैनन् । नेपालको बास्तविक देशभक्तहरुको नेतृत्वमा छ की छैन । फेरी पनि अस्थिरता मच्चाएर नेपाललाई कतै उधोगति नै पो लगाउदै छनकी ? गम्भिर भएर सोच्न जरुरी छ । देशको साशनसत्ता जो कसैले चलाउन नेपाली जनताको साझा चाहाना एउटै छ । ठुला ठुला उधोग कलकारखाना बाँकी ८ पृष्ठमा

# विशिष्ट व्यक्ति सम्मानित

भक्तपुर । दावाँली मिलन क्लब भोजपुरले नगरकोटमा आयोजित कार्यक्रममा विभिन्न पदमा रहेका विशिष्ट व्यक्तिलाई सम्मान गरेको छ । नेपाल सरकारका सचिव सुरेश आचार्य, वाग्मती सभ्यता एकीकृत विकास समितिका कार्यकारी अध्यक्ष उद्धव तिमिल्सिना, माछापुच्छ्रे बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइराला, लघुविद्युत् व्यवसायी विक्रम विष्ट र उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य राजेन्द्र राउतलाई आज सम्मान गरेको हो । पूर्वअर्थमन्त्री तथा प्रशासक शङ्कर कोइराला र प्रतिनिधिसभा सदस्य यज्ञराज सुनुवार र क्लबका अध्यक्ष रोशन श्रेष्ठले उहाँरुलाई सम्मानपत्र र खाँदा ओढाइ सम्मान गर्नुभएको हो । क्लबमा आबद्ध र भोजपुरमा जन्मिएका तथा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रका विशिष्ठ पदमा नियुक्त भई मुलुक निर्माणमा महत्वपूर्ण जिम्मेवारी बहन गर्न लाग्नुभएका व्यक्तित्वलाई सम्मान गरिएको क्लबका अध्यक्ष श्रेष्ठले बताउनुभयो । कार्यक्रममा गीतकारसमेत रहनुभएका पूर्वअर्थमन्त्री कोईराला, प्रतिनिधिसभा सदस्य सुनुवार, प्रा डा उपेन्द्र कोइराला, पूर्वप्रधानसेनापति रुक्माङ्गत कटुवाल, सशस्त्र प्रहरीका पूर्वमहानिरीक्षक दुर्जकुमार राई, भक्तपुरका प्रमुख जिल्ला अधिकारी प्रेम भट्टराई, क्लबका सचिव डिल्लीश्वर प्रधानलगायतले दावाँली मिलन क्लब, सम्मानित व्यक्तित्व र राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा भोजपुरे प्रतिभाले पारेको प्रभाव र योगदानबारे बोल्नुभएको थियो । त्यस अवसरमा सङ्गीत नाटच प्रतिष्ठानका सदस्य सचिव श्याम तमोट, मेडिकल एशोसिएसनका अध्यक्ष डा लोचन कार्की, क्लबका महासचिव सुरेन्द्र श्रेष्ठलगायत भोजपुरको माटोमा मौलाएका विशिष्ट व्यक्तित्वको सहभागिता रहेको थियो । सो अवसरमा सम्मानित व्यक्तित्व नेपाल सरकारका सचिव आचार्य अर्थात् गीतकार सियरा आचार्यद्वारा रचित सुमधुर गीतको साङ्गीतिक सङ्ग्रहको सिडी 'तिम्रो प्रेरणाले'को प्रमोशन गरिएको थियो । विभिन्न चर्चित गायक, गायिकाको स्वर र सङ्गीतकारको सङ्गीत समेटिएको सिडीको मङ्सिर अन्तिम साता संस्कृति तथा पर्यटनमन्त्री बाँकी ८ पृष्ठमा

# सेतो मच्छेन्द्रनाथ आगमघर पुन:निर्माण अन्तिम चरणमा

काठमाडौं । विसं २०७२ वैशाख १२ गतेको भूकम्पले क्षतिग्रस्त सेतो मच्छेन्द्रनाथको आगमघर पुन:निर्माण अन्तिमचरणमा पुगेको छ । आगमघर स्थानीयवासीको सहभागितमा पुन:निर्माण भएको हो । श्री आर्यावलोकितेश्वर सुधार समूहले रु तीन करोड ५० लाखको लागतमा पुन:निर्माण गरेको हो । पुन:निर्माणका लागि काठमाडौं महानगरपालिका र वाग्मती प्रदेश सरकारले समेत सहयोग गरेको समूहको अध्यक्षसमेत रहनुभएका महानगरपालिका-२५ का अध्यक्ष नीलकाजी शाक्यले रासससलाई जानकारी दिनुभयो ।

महानगरपालिकाले काठका लागि रु ८० लाख र छानाका लागि रु ८५ लाख सहयोग गरेको छ । यसैगरी वाग्मती प्रदेश सरकारले आगमघर पुन:निर्माणका लागि रु ५० लाख सहयोग गरेको छ । बाँकी सहयोग स्थानीयवासी, भक्तजन एवं दाताबाट जुटाइएको अध्यक्ष शाक्यले बताउनुभयो । विसं १९९० को भूकम्पले समेत आगमघर पूर्ण रुपमा क्षति भएको थियो । त्यसबेला हतारमा आगमघर पुन:निर्माण गर्दा प्राचीन वास्तुकला लोप भएकामा यस वर्षको पुन:निर्माणमा त्यसलाई पुन:स्थापित गरिएको समूहले जनाएको छ । दुई वर्षअघि स्थानीयवासीको सक्रियतामा समूह गठन गरी आगमघर पुन:निर्माण शुरु भएको थियो ।

हाल आगमघर पुन:निर्माणको ८० प्रतिशत काम सम्पन्न भएको छ । कोरोना महामारीका कारण पुन:निर्माण केही ढिला भएको हो । आगामी माघमा गरिने श्री आर्यावलोकितेश्वर करुणामयको महास्नानअघि आगमघरको पुन:निर्माण सम्पन्न गर्ने समूहको लक्ष्य छ । प्रत्येक वर्ष माघशुक्ल अष्टमीका दिन करुणामयको महास्नान गर्ने परम्परा छ । आगमघर पुन:निर्माणका लागि द्रव्यमानसिंह तुलाधर र नवीन तुलाधरलगायत दाताको विशेष सहयोग रहेको समूहले जनाएको छ । उहाँहरुको सहयोगमा मन्दिरमा सुनको मोलम्बा लगाउनेलगायत काम भइरहेको छ । भूकम्पले क्षति भएको करुणामयको मूल मन्दिर भने भारत सरकारको सहयोगमा प्रवलीकरण गर्न पाँच महिनाअघि राष्ट्रिय पुन:निर्माण प्राधिकरण र भारत सरकारबीच सम्झौता भएको समूहका अध्यक्ष शाक्यले बताउनुभयो ।

भारत सरकारबाट आउने सहयोगमा केन्द्रीय आयोजना कार्यान्वयन एकाई (भवन) ले मन्दिर प्रवलीकरणका लागि ठेक्का गरेको छ । डेढमहिनामा निर्माण व्यवसायी छनोटको प्रक्रिया पुरा गरी प्रवलीकरण शुरु गरिने एकाई (भवन) का आयोजना प्रमुख श्यामकिशोर सिंहले रासससलाई जानकारी दिनुभयो । वर्षा र सहकालका देवताका रुपमा विशेष पूजिने सेतो मच्छेन्द्रनाथको जात्रा चैत्र शुक्ल अष्टमीदेखि चार दिनसम्म राजधानीको तीनधारा पाठशालाबाट असन, इन्द्रचोक हुँदै हनुमानढोका दरबारबाट लगन बाँकी ८ पृष्ठमा

# नेपाल इयूको कालो सूचीबाट छिट्टै हट्दै

काठमाडौं । हवाई सुरक्षा प्रणालीमा बहुआयामिक सुधारका कारण नेपाल छिट्टै युरोपेली सङ्घ (इयू) को कालोसूचीबाट हट्ने देखिएको छ । उडान सुरक्षामा आधुनिक सुरक्षा प्रणालीको अवलम्बन, प्रभावकारी नियमन तथा क्षमतावृद्धिलगायत कारणले नेपालको उड्डयन क्षेत्रमा गरिएको सुधारको प्रशंसा गर्दै इयूले नेपाललाई सुरक्षा सूचीबाट हटाउने सङ्केत गरेको हो । अन्तरराष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) स्थापना दिवसका अवसरमा आइतबार विज्ञप्ति जारी गर्दै इयूले नेपालको पछिल्लो समयको सुधारलाई प्रशंसा गरेको छ । यसबाट नेपालमाथि उडान प्रतिबन्ध फुकुवा हुने सङ्केत मिलेको छ ।

इयूको चासोअनुरुप नेपाल सरकारले हवाई सुरक्षामा देखिएको चुनौती समाधान गर्न देखाएको प्रतिबद्धता, नेपालको उड्डयन क्षेत्रले सुरक्षामा उल्लेख्य प्रगति तथा नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) विभाजनसम्बन्धी विधेयक संसद्मा पारित हुने प्रक्रियामा रहेकाले पनि सकारात्मक प्रगति हुने अपेक्षा गरिएको छ । "नयाँ हवाई उड्डयन विधेयक संसद्मा दर्ता गराएको सहित नेपालले गरेका सुधारका विषयमा इयू जानकार छ", विज्ञप्तिमा उल्लेख छ । नेपालको यस्तो प्रयासले सुरक्षा सूचीबाट हटाउने प्रक्रिया शुरु गर्न सहज हुने इयूले उल्लेख गरेको छ । खासगरी संसद्मा दर्ता भएको विधेयकले सुरक्षा सूचीबाट हटाउन लागू हुने तीन मापदण्ड कार्यान्वयनमा लैजान सकिने पनि इयूले स्पष्ट पारेको छ ।

त्यसैगरी हवाई सुरक्षाको प्रभावकारी कार्यान्वयन भए नभएको जानकारी लिन महानिर्देशकसहितको टोलीले नेपालमा भ्रमण गर्ने र नियोगले तयार गरेको प्रस्तावका आधारमा युनियनको हवाई सुरक्षा समितिले सुरक्षा सूचीबाट हटाउन सकिने प्रक्रिया पूरा हुनेछ । नेपालले हवाई सुरक्षाको समग्र क्षेत्रमा अन्तरराष्ट्रियस्तरदर राम्रो रहेका सन्दर्भमा इयूको विज्ञप्तिले नेपाल छिट्टै सुरक्षासूचीबाट हट्ने विश्वास बढेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले बताउनुभयो । "इयूको विज्ञप्ति सकारात्मक छ, ओभरअल सेफ्टीमा हाम्रो उपलब्धि राम्रो छ, नेपालले आफ्नातर्फबाट आवश्यक तयारी गर्नुपर्छ", उहाँले भन्नुभयो ।

नेपालको हवाई सेवामा प्रश्न उठाउँदै इयूले सात वर्षअघि अर्थात् सन् २०१३ डिसेम्बर ५ तारिखदेखि सुरक्षण सूचीमा राखेको थियो । सोही कारण नेपाली हवाई सेवा प्रदायकलाई उडानमा प्रतिबन्ध लगाइएको थियो । यसअघि सन् २०१७ आइकाओले नेपाली जहाजलाई चार वर्षदेखि लगाउँदै आएको गम्भीर सुरक्षा चासो सूचीबाट हटाएको थियो ।

क्यानले यही मङ्सिर १२ गते प्रकाशन गरेको 'एभिएशन सेफ्टी रिपोर्ट-२०२०' ले नेपालमा हवाई दुर्घटना दर घटेको देखाएको थियो । उडान सुरक्षामा आधुनिक सुरक्षा प्रणालीको उपयोग तथा जनशक्तिको क्षमता अभिवृद्धिलगायत कारणले नेपालको हवाई दुर्घटनादर घटेको र यसबाट हुने मृत्युदर पनि घटेको प्रतिवेदनमा उल्लेख छ ।

पछिल्लो १० वर्षका अवधिमा नेपालको हवाई उड्डयन सुरक्षास्तर दरमा प्रगति हुनाले पनि यसको पुष्टि गर्छ । प्राधिकरणले सार्वजनिक गरेको सन् २०१९ को एभिएशन सेफ्टी रिपोर्टमा नेपालको हवाई क्षेत्रमा जहाजतर्फ एक दुर्घटना र तीनको मृत्यु भएको छ । सन् २०१० मा दुई दुर्घटनामा ३६ को मृत्यु भएको थियो ।

त्यस्तै हेलिकोप्टरतर्फ सन् २०१९ दुई दुर्घटनामा सात जनाको मृत्यु भएको छ । क्यानका अनुसार नेपालको उडान सुरक्षादर आइकाओले निर्धारण गरेको ६० प्रतिशतभन्दा माथि नेपालले करीब ६७ प्रतिशत प्रगति गरेको छ । एशिया प्रशान्त क्षेत्रका मुलुकको हवाई सुरक्षादर ६४ प्रतिशत रहेको जनाइएको छ ।

आइकाओको ग्लोबल एभिएशन सेफ्टी प्लानको ६० प्रतिशतभन्दा माथि नेपालको प्रगति रहेको र सो स्तरदरलाई ७५ प्रतिशत पुर्‍याउने लक्ष्यका साथ काम गर्नुपर्ने क्यानले उल्लेख गरेको छ ।

आइकाओ दिवसका अवसरमा आज त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा आयोजित झण्डोत्तोलन कार्यक्रममा नागरिक उड्डयमन्त्री योगेशकुमार भट्टराईले इयूले नेपालको हवाई उड्डयनलाई कालो सूचीबाट हटाउने सङ्केत दिएकामा खुशी व्यक्त गर्दै उसले जारी गरेको वक्तव्य स्वागतयोग्य भएको बताउनुभयो ।

पछिल्लो समय नेपालले नागरिक उड्डयन क्षेत्रमा सङ्गठनात्मक पुन:संरचना गर्नका लागि विधेयक तयार गरी सङ्घीय संसद्मा छलफल गरिरहेको र संसद्बाट ऐन पारित भएपछि इयूले उठाएका अधिकांश चासो सम्बोधन हुने मन्त्री भट्टराईले स्पष्ट पार्नुभयो । नेपालले नागरिक उड्डयन क्षेत्रमा गरेको सुधारका कारण दुर्घटनासमेत कम हुँदै गएका अवस्थामा युरोपेली सङ्घले सकारात्मक वक्तव्य जारी गर्नाले उत्साहित बनाएको पनि उहाँले बताउनुभयो ।

क्यानका उपमहानिर्देशक राजकुमार क्षेत्रीले इयूको विज्ञप्तिअनुसार नेपालमाथि लगाएको उडान प्रतिबन्ध चाँडै हट्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "इयूको विज्ञप्तिमा नेपाललाई कालोसूचीबाट हटाउने सङ्केत देखिन्छ, यसले हामीलाई उत्साहित बनाएको छ । नेपालले हवाई क्षेत्रमा गरेका सुधारको कागजात पठाएकै आधारमा बाँकी ८ पृष्ठमा

# विश्व हिन्दू परिषद नेपालद्वारा गुरु नानक देवजीको ५५१ औं जयन्ती सम्पन्न

काठमाडौं । विश्व हिन्दू परिषद नेपालको आयोजनामा गुरु नानक देवजीको ५५१ औं जयंती मनाइएको छ । सप्तरी लगायतका विभिन्न जिल्लाहरुमा परिषदका स्थानीय कार्यकर्ताहरुले कार्यक्रम आयोजना गरेका थिए । विश्व हिन्दू परिषद नेपालले प्रत्येक वर्ष गुरु नानक देवजीको जयन्तीको अवसरमा देशभर कार्यक्रमहरु आयोजना गरी भव्यताका साथ मनाउने गर्छ । ओमकार परिवार भित्र कै सिख धर्म पनि भएको हुनाले परिषदले प्रत्येक वर्ष गुरु नानक देवजीको जयन्ती मनाउने गर्छन । कार्यक्रममा परिषदका वक्ताहरुले गुरु नानक देवजीको जीवनी एवं समाजमा वहाँले पुर्‍याउनु भएको योगदानबारे प्रकाश पार्नु भएको थियो ।

विश्व हिन्दू परिषद नेपालले ओमकार परिवार भित्रका बौद्ध, सिख, जैन, किरात आदि पन्थका कार्यक्रमहरु बडो हर्षोल्लासका साथ मनाउने गर्दछन । यस किसिमको कार्यक्रमहरुले सनातन धर्मावलम्बीहरुलाई एकताको सुत्रमा बाध्ने विश्व हिन्दू परिषद नेपालको विश्वास रहेको, परिषदका एक अधिकारीले बताउनु भयो ।

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

### नेकपा-नेकपाको विवादले देशलाई पार्ने असर

लामो समयदेखि चर्किएको नेकपा–नेकपाको विवादले यतिवेला राष्ट्रिय अन्तरष्ट्रिय रुपमा नै प्रभाव पारेको छ । एकतिर भने अर्कोतर्फ नेपालको सरकार नेकपा-नेकपाले नै सञ्चालन गरेको हुनाले नेपालको बिकाश निर्माण लगायत प्रगतिका कामहरु समेत प्रभावित हुन थालिसकेका छन् ।

यो विवादले देशका नागरिकहरुलाई समेत अन्यौलता बनाएको छ । हुनत जनतालाई जो सरकारमा आएपनि हर्स न बिस्मात भन्ने त गरिन्छ । तर ब्याक्तिको आचरण र ब्यवहारले नेपालको अर्थ ब्यवस्था, जनताको जीविकोपार्जन जस्ता महत्वपुर्ण बिषयहरुमा फरक पर्ने हुन्छ । त्यस्तै असर यतिवेला देशमा परिरहेको छ । एकातिर कोभिडको संत्रासले बिग्रेको अर्थतन्त्र अर्कोतर्फ भारतले नेपालको भुमि भारतीय नक्सामा समेटेर प्रकाशन गरेपछि भारत भएर आउने सामानहरुमा भारतीय पक्षले थोपरेको झन्झट जस्ता समस्याले देशमा असहज परिस्थिति सृर्जना भएको छ । यहिवेला नेकपा-नेकपा भित्रको विवादले चरम रुप लिईरहेको छ । यसो गर्नुको सट्टा कोभिडको संत्रासले थलिएको अर्थ ब्यवस्था सुधारर्न र भारतले नेपालको भुमि समेटेर प्रकाशन गरेको नक्साको बिषयमा सवै नेपालीहरु एक भएर सामाना गर्नुपर्ने समय हो । भारतले त्यो मान्दैन भने नेपालले एकपटक कालापानी युद्धलाई समेत तयारी गर्नुपर्ने आजको आवश्यक्ता हो ।

त्यसको अलवा कोभिडवाट थलिएका देशका नागरिकहरुलाई कसरी सहज तरिका अपनाएर राहात पुग्नेगरि प्रोत्साहन मुलक कार्यक्रम ल्याउन सकिन्छ भनेर नीति तय गर्नुपर्ने बेला हो । ठिक त्यसको बिपरित अहिले नेकपा- नेकपाको विवाद सतहमा देखिएको छ । यसले नेपाली जनता बिभाजित भएको जस्तो सन्देश दिईरहेको छ । यस्तो चलनले नेपालको राष्ट्रियता बलियो हुन सक्दैन । नेपालको राष्ट्रियतालाई समेत यसले असर प्रत्यक्ष गरेको छ ।

यो विवाद नेकपा- नेकपाको देखिए पनि बाहिरी शक्तिको भुमिका र निर्देशन पनि रहेको भान हुनेगरी नेताहरुको प्रस्तुतिले देखाउछ । त्यसकारण यो नेकपा-नेकपाको विवाद भएपनि सिगो देशसँग जोडिएको बिषय भएको हुनाले नेपालको राष्ट्रियतालाई कमजोर बनाउने कुनियोजित ढंगवाट अगाडी बढिरहेको हुदा यसवाट आम नागरिक सचेत भएर नेपालको राष्ट्रियता कमजोर बन्न नदिईकन अगाडी बढ्नुपर्ने आजको आवश्यता रहेको छ ।

नेकपा–नेकपाको विवादले नेपाललाई असर पुग्न नदिन कार्यकर्ता पक्ति र आम सर्वसाधरणसम्म सजग सर्तक रहनु पर्ने देखिन्छ । नभए सिक्किममा जस्तै बहुमतिय संयन्त्र नेपालमा पनि नहोला भन्न सकिन्न । राष्ट्रियताको संक्षणको लागि राष्ट्रवादी शक्तिहरु सतर्क रही कुनै बहुमतिय सिक्किमीकरणको मोडलमा नेताहरु लागेभने तत्कालै राष्ट्रिय मुक्तियुद्धको लागि तयारी गर्नुपर्ने देखिन्छ । यो सवै नेपालीहरुको परम कत्व्य हो । यो कत्व्यवाट कोही नभागौं । तयारी अवस्थामा रहनुपर्ने देखिन्छ । राष्ट्रियताको सवालमा के पत्राकार, के मजदुर, न पार्टी, न वाद सवै नेपाली नेपाली एक ढिक्का भएर मिलेर काम गर्नुपर्ने देखिन्छ ।

# नेकपामा नकचरो नेतृत्व, निरीह नयाँ पुस्ता

**हरि ज्ञवाली**

प्रधानमन्त्री एवम् नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष केपी शर्मा ओलीले मङसिर १३ गते नेकपा सचिवालयको बैठकमा आफना समकक्षी नेताहरूलाई चुनौतीपूर्ण भाषामा सामूहिक सन्यास लिएर नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नुपर्ने आफनो कुरा पुनः दोहोर्याए ।

पार्टीभित्रको खिचलोकै सन्दर्भमा अर्का अध्यक्ष प्रचण्डको 'प्रतिवेदन' को प्रतिउत्तर दिने क्रममा प्रम ओलीले सरकार र पार्टीको बारम्बार नेतृत्व गरेका कमरेडहरूले अब जिम्मेवारी नलिन र नयाँ पुस्तालाई हस्तान्तरणका लागि तयार रहन चुनौती पनि दिए ।

प्रम ओलीको यो चुनौतीपूर्ण आग्रह हालको समस्याग्रस्त पार्टीलाई साँच्चिकै सञ्जीवनी दिनका लागि हो वा फगत हुँकारका लागि ? आगामी घटनाक्रमहरूले नै बताउलान् । तर, यो प्रसङ्गले नयाँ पुस्तालाई नेतृत्वमा आउन भने मार्गप्रशस्त गरिदिएको छ ।

यसअघि नेकपा महासचिव विष्णु पौडेलले पार्टीको ९ सदस्यीय सचिवालयले पार्टी राम्रोसँग सञ्चालन गर्न असफल भएको भन्दै सामूहिक राजीनामा गर्न प्रस्ताव गरेका थिए । नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरणको प्रसङ् औपचारिक रूपमा पटकपटक उठिरहँदा पनि नेकपाभित्र नयाँ पुस्ता यसप्रति न पूर्णरूपमा आश्वस्त हुन सकेको छ न त उत्साहित र जागरूक नै । बरू उदासीन र बेखबरजस्तै देखिन्छ । त्यस प्रस्तावका लागि दरिलो आँट गर्ने दोस्रो पुस्ताका कुनै नेता हालसम्म अग्रसर भएको पाइँदैन ।

यतिखेर नेकपाको शीर्ष नेतृत्व एकअर्कामा आरोप-प्रत्यारोप र पोल खोलाखोलको चरम उत्कर्षमा छ । एक–अर्कालाई खुल्याएर नाङ्गो बनाउने होडबाजी नै चलेको छ शीर्ष तहमा । उनीहरूबीच न मिलापत्र हुन सकेको छ न छोडपत्र नै । पार्टीभित्र समस्याका चाङहरू चुलिएको चुलियै छन् ।

नेकपा पार्टी जनस्तरमा बदनाम हुन थालिसकेको छ । दुवै अध्यक्षले पार्टी एकताको भावना, विधि र पद्दति मिच्दै स्वेच्छाचारी बन्दासमेत दोस्रो पुस्ता भने मौनजस्तै छ । सार्वजनिक रूपमा आवाज उठाउने आँट गर्न सकिरहेको छैन । नेतृत्व र आन्दोलनले पहिलो पुस्ताकै नेतालाई परिक्रमा गरिरहेकाले नै नेकपा अहिले संकटबाट गुज्रिरहेको छ ।

### गतिहीन र निरीह दोस्रो पुस्ता

नेकपाका शीर्ष नेतृत्वमा भइरहेका लगातारका विवादले पार्टी नै कोमामा पुगेको छ । सचिवालयमा रहेका शीर्ष नेताहरू पार्टीको अस्तित्व नै संकटमा पर्ने गरी आपसी किचलोमा रूमल्लिरहेका छन् । नेकपामा पहिलो पुस्ता यतिखेर ज्यादै अटेरी र जिद्दी बन्दै छ । एकदमै निरंकुश र नकचरो पनि । शीर्ष तहको आफनो मर्यादासमेत बिर्सेर पार्टीमा एकपछि अर्को विवाद चर्काउँदै छ । एकपछि अर्को गर्दै समस्या झन् बल्झाउँदै छ ।

संकटका बेला नागरिकको बेहालभन्दा पदीय भागबण्डा नेकपा शीर्ष नेतृत्वको प्राथमिकता बनेको छ । यस्तो बेला पनि सरकार र पार्टीको नेतृत्वलाई नागरिकका पीडामा केन्द्रित हुनका लागि दबाब दिन दोस्रो पुस्ताले कुनै हस्तक्षेपकारी भूमिका बहन गर्न सकेको देखिंदैन । उमेर, जोश, जाँगरका हिसाबले पार्टी राजनीतिलाई काँध थाप्नुपर्ने यो संकटका बेलामा दोस्रो पुस्ता भने यतिखेर के गर्दैछ ? अत्तोपत्तो छैन ।

पक्कै पनि यो पुस्ता गुटगत राजनीतिमा लागेर पहिलो पुस्ताकै आसपास फन्को लगाइरहेको भेटिन्छ । नेकपामा प्रभावहीन र दिशाहीन जस्तै देखिएको यो पुस्ताले स्वयम्मा संकटका बेला नेतृत्व गर्नुपर्ने अवसर गुमाउँदै गएको छ, अनि पहिलो पुस्ताको असफलताको भागिदार बन्ने खतरा पनि सँगसँगै बोकिरहेको छ ।

गुटगुटमा विभक्त पार्टीभित्र दोस्रो र नयाँ पुस्ताका नेताहरू पनि कुनै न कुनै गुटसँग आबद्ध भएका छन् । नेकपाभित्रको दोस्रो पुस्ता सक्रिय भए पनि निरीह र पहिलो पुस्ताको लाचार छायाँमात्र भइरहेको आभास हुन्छ ।

देश र नागरिकको आशा, भरोसाको केन्द्रका रूपमा स्थापित भएको नेकपाको भविष्य अब शीर्ष नेतृत्वबाट चल्न सक्दैन भन्ने उनीहरूकै हर्कत र आन्तरिक झगडाले नै स्पष्ट पारेका छन् । दोस्रो पुस्ताचाहिँ यति निरीह र गतिहीन बन्दै छ कि संकटका बेला समाधानका उपायसहित नेतृत्वमा हस्तक्षेप गर्ने आँट र हिम्मत गर्न सकिरहेको छैन ।

नेकपाको नेतृत्व पुरानै पुस्ताको हातमा छ । नेतृत्व तहमा रहेका केपी शर्मा ओली, पुष्पकमल दाहाल, माधवकुमार, झलनाथ खनाल, वामदेव गौतम, ईश्वर पोखरेल, विष्णु पौडेल २०२६–२०३५ को दशकबाट राजनीतिमा सक्रिय बनेका पुस्ताका हुन् । नेकपाका पहिलो तहका सबै नेता ६५ वर्षभन्दा माथि पुगिसकेका छन् ।

लामो समयदेखि नेकपाको बागडोर यही पुरानो पुस्ताको हातमा छ । नौ सदस्यीय सचिवालयमा रहेको यही बुढो पुस्ताले नेकपा हाँकिरहेको छ । त्यसैले त सचिवालय बालुवाटार, खुमलटार र कोटेश्वरको चौघेराभित्र मात्रै अल्मलिएको देखिन्छ । यही पुस्ता नै पदीय भागबन्डाका लागि बहुमत र अल्पमतको खिचातानीमै व्यस्त छ । गुटगत स्वार्थको लडाइँमा तल्लीन छ । पुरानो पुस्ताको यही झगडाले नेकपा पार्टीलाई नै समाप्त पार्न लागिरहेको छ ।

त्यसो त नेपालका कम्युनिस्ट पार्टी र यसको नेतृत्व पुस्तान्तरणको अहिलेसम्मको इतिहास हेर्दा एकाध पार्टीलाई छोडेर आम कम्युनिस्ट पार्टीमा एउटै नेतृत्व दशकौंदेखि कायम रहेको पाइन्छ ।

मसालका मोहनविक्रम सिंह, नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे र नेकपाका प्रचण्ड ३० वर्षदेखि मसाल, माओवादी, माओवादी केन्द्र हुँदै नेकपासम्म आइपुग्दा पनि अध्यक्ष नै छन् । १४ वर्ष पार्टीमा एकछत्र राज गर्दा पनि नेता माधव नेपाललाई नेतृत्वको भोक अझै पनि जागेकै छ । ३० वर्षसम्म सक्रिय नेतृत्व हाँकेर पनि प्रचण्डमा लोभ, लालच र पदप्रतिको आसक्ति घटेको छैन, बरु झन् बढ्दो छ । यतिखेर यिनै पुराना पुस्ताले नै पार्टीमा सबैभन्दा बढी समस्या सिर्जना गरेका छन् । देश र जनताले आशा गरेका धेरै अनुहार नेकपाको नयाँ पुस्तामा छन् । धेरै आसलाग्दा र देश–नागरिकलाई गोलबद्ध गरेर शासन प्रणाली हाँक्ने क्षमतावान् पुस्ताको ठूलै पङ्क्ति छ । प्रदीप ज्ञवाली, शंकर पोखरेल, सुवास नेम्वाङ्, भीम रावल, योगेश भट्टराई, जनार्दन शर्मा, घनश्याम भुसाल, देवेन्द्र पौडेल,जस्ता निडर,आदर्शवान्, सैद्धान्तिक र बौद्धिक व्यक्तिहरू मूल नेतृत्वबाहिर नै छन् ।

वर्षमान पुन, सुरेन्द्र पाण्डे, गोकर्ण विस्ट, ठाकुर गैरेजस्ता क्षमतावान् पुस्ताले नेतृत्व नपाउनु मुलुकको लागि ठूलो घाटा हो । तर सम्भावनाको नजरले हेरिएका नेकपाको दोस्रो पुस्ताका नेताहरू पहिलो पुस्ताकै स्वार्थ र गुटको बचाउ गर्ने पंक्तिमा लामबद्ध बन्दा नेकपाको भविष्य संकटपूर्ण अवस्थाबाट बाहिर निस्कन सकेको छैन । नेकपाको दोस्रो पुस्ता नेतृत्व लिन सक्षम त छ, तर अवसर नआउला र पद नपाउँला भन्ने मनोगत भयमा बसेको देखिन्छ । मूल समस्या यही नै हो ।

सांसद् भएका मन्त्री भइहाल्ने, युवा विद्यार्थीहरू तिनै मन्त्रीको पीए र सल्लाहकार बन्ने । कर्मचारीको सरूवा बढुवामा पैसा खाने । ठेक्का पट्टामा कमिसन खाने र आफनो आर्थिक स्थितिलाई मजबुत बनाउनमै युवाहरूको आशक्ति बढेको हो कि ?

स्थायी कमिटी सदस्यद्वय शंकर पोखरेल र जनार्दन शर्माले नेतृत्वप्रति बेलाबेला खबरदारी गरे पनि उनीहरू पनि गुटगत स्वार्थभन्दा माथि अझै उठ्न सकेको देखिँदैन । उदीयमान नेताका रूपमा परिचित घनश्याम भुसाल र योगेश भट्टराईको यतिखेरको मौनता रहस्यमय छ । यतिखेर मुलुकले चाहेको,खोजेको र अपेक्षा गरेको आमूल परिवर्तन नै हो । जुन परिवर्तन नेकपाको पुरानो पुस्ता र नेतृत्वबाट अव संभव देखिँदैन ।

नयाँ पुस्ताले पहिलो पुस्ताकै नेतालाई परिक्रमा गरिरहेकाले परिवर्तनको आशा पनि क्षीण बन्दै गएको छ । चाकडीमा लिप्त, दिशाविहीन र निरीह पुस्ताका रूपमा नयाँ पुस्ताले बाटो बिराएस्तो देखिन्छ । पछिल्लो समय नयाँ पुस्ताका नेतृत्वहरू आत्मकेन्द्रित हुने, शक्तिकेन्द्र धाउने, पार्टी र सत्ताकै लेनदेनमा बिचौलियाको भूमिकामा देखिन थालेपछि झन् झन् संकट गहिरिँदै छ । आखिर पहल कसले गर्ने ?

कम्युनिस्ट पार्टी संगठन कार्यकर्तामा आधारित हुन्छ । अझ जनताको बहुदलीय जनवादको स्कुलमा हुर्किएको एमाले र त्यसैको फेरो समात्दै अघि बढेको नेकपाको प्रमुख विशेषता कार्यकर्ताले नेता चुन्ने र छान्ने नै हो । जनताबाट पार्टी अनुमोदित हुने र कार्यकर्ताबाट नेता अनुमोदित हुने अहिलेको कम्युनिस्ट आन्दोलनको सौन्दर्य पनि हो । परन्तु एक दुई व्यक्तिलाई केन्द्र बनाएर आन्दोलनले फेरो मारिरहँदा त्यसले कम्युनिस्ट पार्टी होइन, सामन्त या दासप्रथाको झल्को दिन थालेको छ । यो कदापि राम्रो संकेत होइन ।

तत्कालीन एमालेका नवौँ महाधिवेशनबाट पारित विधानमा उमेर हदको व्यवस्था गरिएको थियो । विधानअनुसार सबै कार्यकारिणी कमिटीमा निर्वाचित वा मनोनित हुन उमेरको हद ७० वर्ष थियो । केन्द्रदेखि जिल्ला तहसम्मका पदाधिकारी एउटा पदमा दुई कार्यकालभन्दा बढी दोहोरिन नपाउने व्यवस्था गरिएको थियो । तर पार्टी एकतापछि बनेको अन्तरिम विधानमा उमेर हदको प्रावधान हटाइएपछि पुनः पाका नेताहरूमा नै नेतृत्व रहिरहेको छ । नेतृत्व पुस्तान्तरण फर्किएर पुरानै ठाउँमा पुगेको छ । समस्या सुल्झिनुभन्दा झन् बल्झिन थालेका छन् ।

### कहाँ के गर्दैछ युवा पुस्ता ?

नेकपाभित्र युवाका रूपमा थुप्रै नेताहरू देखिन्छन् । विनोद श्रेष्ठ, रामकुमारी झाँक्री, ऐन महर, अमृता थापा, रामप्रसाद सापकोटा, रमेश पौडेल, रञ्जित तामाङ, नवीना लामालगायतको सक्रिय इतिहास छ । पार्टी संकटको यो घडीमा उनीहरूको मौनता पनि रहस्यपूर्ण मानिंदैछ । आशाका केन्द्र युवाहरू यतिखेर किन गुमनाम र निरीह बनिरहेका छन् ? थाहा छैन । शायद ती सबै युवा एउटा न एउटा वृद्ध नेताको फेरो समाएर आफनो राजनीतिक भविष्य उज्ज्वल पार्न चाहन्छन् । या त युवाहरू विचार र सिद्धान्तबाट क्रमशः विचलित हुँदैछन् या उनीहरूको लगाव पद र पैसाप्रति केन्द्रित भएको छ ।

सांसद् भएका मन्त्री भइहाल्ने, युवा विद्यार्थीहरू तिनै मन्त्रीको पीए र सल्लाहकार बन्ने । कर्मचारीको सरूवा बढुवामा पैसा खाने । ठेक्का पट्टामा कमिसन खाने र आफनो आर्थिक स्थितिलाई मजबुत बनाउनमै युवाहरूको आशक्ति बढेको हो कि ? आशंका व्याप्त छ ।

नेकपाको दोस्रो पुस्ता वा युवा पुस्ता यतिखेर अत्यन्तै निरीह बनेको छ । न यो पुस्ताले पार्टी एकता जोगाउन पहल गरेको छ न त ओली–प्रचण्डहरूलाई बिदा गरेर आफनो पुस्ताबाट नेतृत्व दिन नै हिम्मत गर्न सकेको छ । दोस्रो पुस्ताले अब हामी पहिलो पुस्तालाई विदा गरेर नयाँ ढंगले पार्टी चलाउँछौं भनेर कार्यकर्ताबीच देशब्यापी अभियान चलाउन किन आँट गर्न सक्दैन ? बुझिनसक्नु छ ।

पहिलो पुस्ताका नेताले आफनो हैसियत र योगदानभन्दा बढी पाइसकेका छन् । पुस्तान्तरणको यो अभियान त्यति सजिलो त नहोला तर पार्टी र मुलुकको निकासका लागि यो अपरिहार्य अभियान भने पक्कै शुरू हुनुपर्ने देखिन्छ । पुरानो पुस्ताको जयजयकारमा आफनो सामर्थ्य र समय खर्च गर्नुभन्दा विचार र राजनीतिलाई हतियार बनाएर आफूलाई देश र जनताप्रति समर्पित गर्नु नयाँ पुस्ताका लागि जरूरी छ । त्यो अपरिहार्य पनि हो ।

अब पनि शीर्ष नेताहरूको दौराको फेर समातेर एउटा गुटमा रमाउँदै बस्ने कि देश र जनताको आशा–भरोसाको एउटा आदर्श, नैतिकवान, अनुशासित र गतिशील विचार केन्द्रका रूपमा आफूलाई उभ्याउने ? श्रमजीवी सर्वहारा वर्गको मुक्ति आन्दोलनका रूपमा, राष्ट्रियता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता र समृद्धिको नायक बन्ने कि शीर्ष नेताको गुटको डम्फु बजाउँदै व्यक्तिगत फाइदाका लागि निरीह अनुचर बनिरहने ? पुरानै अटेरी र नकचरो पुस्ताको स्वार्थगत लडाइँमा पक्ष–विपक्ष भएर पार्टीसँगै आफूहरू पनि सिद्धिने कि मुलुकको परिवर्तनको नायक बन्न हिम्मत र आँट गर्ने ? नयाँ पुस्ताले अब एउटा निर्णय गर्नैपर्छ ।

## दुई वर्षमा हुलाकी राजमार्ग सञ्चालनमा आउने

विराटनगर । सप्तरीदेखि झापाको भद्रपुरसम्म निर्माण भइरहेको हुलाकी राजमार्ग आगामी दुई वर्षभित्रमा सञ्चालनमा आउने भएको छ । तीन सय ४३ किलोमिटर लामो हुलाकी राजमार्गको करिब ४८ प्रतिशत काम सम्पन्न भएको हुलाकी राजमार्ग आयोजनाले जनाएको छ । हुलाकी सडकको कामबारे आइतबार प्रदेश १ का सामाजिक विकासमन्त्री जीवन घिमिरेले आयोजना प्रमुख दीपेन्द्र पाण्डेसँग जानकारी लिनुभएको छ । प्रमुख पाण्डेले करिब ४८ प्रतिशत काम सम्पन्न भएको जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा पुलको काम सम्पन्न गर्ने र दुई वर्षभित्रमा सडकको काम सम्पन्न गरिने प्रमुख पाण्डले जानकारी गराउनुभयो । उहाँले मन्त्री घिमिरेलाई झापाका आठ वटा पुल र मोरङको रतुवामाईमा रहेको पुलका लागि बोलपत्र आह्वानको काम भइसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "रङ्गेली र विराटनगरमा सडकमा केही समस्या छ ।" रङ्गेलीको केही स्थानमा निर्माणको डिजाइनअनुसार नभएको र विराटनगरमा कोशी राजमार्ग पूर्वपश्चिम जोड्नका लागि समस्या भएको प्रमुख पाण्डेको भनाइ छ । हुलाकी राजमार्गमा कुन सडकबाट जोड्नेबारे समस्या भएको उहाँले

बाँकी ८ पृष्ठमा

# कामना सेवाविकास बैंकको लोक गायक सुरेश गन्धर्बलाई आर्थिक सहयोग

कामना सेवाविकास बैंकले संस्थागत सामाजिकउत्तरदायित्वको एक हिस्साका रूपमा नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डभित्र रहीशिक्षा, स्वास्थ्य, दैवीप्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रबर्द्धन, सामाजिक रुपले पिछडिएका वर्गका आयआर्जन क्षमताअभिबृद्धि, वित्तीय साक्षरता, ग्राहक संरक्षण सम्बन्धीकार्यक्रमआदिमाप्रत्यक्षतथाअप्रत्यक्ष रुपमा योगदानगर्दै आइरहेको र भर्खरै कुनै समयश्रोतामाझनिकलोकप्रिय बनेको सिके श्रेष्ठले रचना गरेको गीतकागायक सुरेश गन्धर्बलाई उपचारका लागिसहयोग स्वरुप रु.५० हजारको चेक हस्तान्तरण गरेको छ। ६५ वर्ष अघि भोजपुरको जरायोटारमाजन्मिएकागन्धर्ब सानै उमेर देखि नै सारङ्गी बजाउदै आफ्नो सुरिलो स्वरले गाउदै धेरै श्रोताको मन जित्न



सफलभएकाथिएभने २०४९ सालमा धनकुटाको देब्रेवासमा रहेको रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्रमा रिंकीबुङको राँगोलाई बोलको गीत रेकर्ड भएको थियो। "रिंकीबुङको राँगोलाई.....चुङकेबुङको चुलेसीले" गीतकाचर्चीत गायक सुरेश गन्धर्बपछिल्लो केही समययता मुटुरोग, युरिक एसिड (वाथ), सुगर (मधुमेह), प्रेसर,थाइराइड जस्ता रोगहरूबाट पिडित रहेकाछन्। सहयोग स्वरुपको चेककामना सेवाविकास बैंककाप्रदेश नं १ काप्रदेश प्रमुख सुजन छाराहाङले गन्धर्बको धरान- ८ स्थित डेरामा नै पुगेर हस्तान्तरण गर्नुभएको थियो।सो सहयोग बैंक र बैंककाकर्मचारीको एक दिनको पारिश्रमिककट्टागरि संकलनगरि प्रदानगरिएको बैंककाप्रदेश नं. १ प्रमुख छाराहाङले जानकारी दिनुभयो।

काठमाण्डौ - ३०, ज्ञानेश्वरमा केन्द्रीयकार्यालय रहेको यस बैंकले देशकाविभिन्नभागहरुमा १२४ वटा शाखातथा ६६ वटा ATMमार्फतग्राहकहरुलाई आफ्नो सेवातथा सुविधाहरु प्रदानगर्दै आएको छ। बैंकले ABS, SMS Banking, Mobile Banking, C-ASBA, Online Account Opening, Internet Banking, Social Media Banking लगायतका माध्यमबाट सम्पूर्ण बैंकिङ्ग सेवातथासुविधाहरु उपलब्ध गराउँदै आएको छ।

# बैंक अफ काठमाण्डू लिमिटेडको निक्षेप ग्राहक महानुभावलाई रु. ५ लाखको बीमा दाबी रकम भुक्तानी

बैंक अफ काठमाण्डू लिमिटेडले बिओके सफलता मुद्दती खातामा उच्चतम व्याजदरका साथ रु. एघार लाखसम्मको बीमा सुबिधा श्री सिद्धार्थ इन्स्योरेन्स कम्पनी लिमिटेडको सहकार्यमा उपलब्ध गराउदै आईरहेको छ। बीमा सुबिधा अर्न्तगत दुर्घटनाजन्य मृत्यु तथा पूर्ण अशक्तताको लागि रु. पाँच लाख, १८




प्राणघातक रोगहरुको लागि रु. पाँच लाख तथा औषधी उपचारको लागि रु. एक लाखको बीमा सुबिधा रहेको छ। यसै सुबिधा अर्न्तगत श्री रुद्र प्रसाद वस्तीज्यूलाई बैंकले रु ५००,०००।०० (अक्षेरुपी पाँच लाख मात्र) बीमा दाबी रकम भुक्तानी हस्तान्तरण गरेको छ। केही समययता प्राणघातक रोगको कारणले उहाँको स्वास्थ्य प्रतिकुल भएको अवस्थामा श्री वस्तीज्यूले बैंकबाट उपलब्ध भएको बिमा दाबी रकम भुक्तानी प्राप्त गरी उक्त पैसा आफ्नो स्वास्थ्य उपचारमा प्रयोग गरी हाल सफल उपचार पश्चात् स्वास्थ्य लाभ गरी सामान्य जिवनयापन गरीरहनु भएको छ। श्री वस्तीज्यूले यस बैंकको नारायणघाट शाखा कार्यालयबाट बैंकिङ्ग कारोबार गर्दै आईरहनुभएको छ। बैंकको बाग्मती प्रदेश अर्न्तगत नारायणघाट प्रादेशिक कार्यालयका प्रमुख श्री दिपक लम्सालज्यूले बीमा दाबी रकम बैंकको निक्षेप ग्राहक श्री रुद्र प्रसाद वस्तीज्यूलाई हस्तान्तरण गर्नुभयो। उक्त कार्यक्रममा श्री सिद्धार्थ इन्स्योरेन्स कम्पनी लिमिटेडको नारायणघाट शाखाका प्रबन्धक श्री माधव रेग्मीज्यूको उपस्थीती रहेको थियो।

# अन्तर बैंक एटीमएम शुल्क लाग्ने

उपभोक्ताले अबदेखि एक बैंकको एटीमएम कार्ड प्रयोग गरेर अर्को बैंकको एटीएमबाट रकम निकाल्दा शुल्क तिर्नु पर्ने भएको छ। नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षका लागि ल्याएको मौद्रिक नीतिको समीक्षा गर्दै अबदेखि एमीएम शुल्क लिन पाउने व्यवस्था गरेको हो।

यसअघि राष्ट्र बैंकले कोरोना भाइरसको असर रहेसम्म जुनसुकै बैंकको एटीमएमबाट पैसा निकाले पनि शुल्क नलिन बैंकहरुलाई निर्देशन दिएको थियो। उक्त निर्देशन खारेज गर्दै बैंकहरुलाई साविककै व्यवस्था अनुसार शुल्क लिन राष्ट्र बैंकले आग्रह गरेको छ।

# आईसीआईसीआई बैंकको नेपालमा प्रतिनिधि कार्यालय स्थापना

काठभारतीय आईसीआईसीआई बैंकले नेपालमा आफ्नो प्रतिनिधि कार्यालय खोलेको छ। बैंकले काठमाडौंको थापाथलीस्थित सेन्ट्रल बिजनेस पार्कमा आफ्नो प्रतिनिधि कार्यालयको खोलेको हो।

आईसीआईसीआई बैंक नेपालमा प्रतिनिधि कार्यालय स्थापना गर्ने भारतको पहिलो निजी क्षेत्रको बैंक हो। प्रतिनिधि कार्यालयको उद्घाटन नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्रा, भारतका लागि नेपाली राजदूत निलाम्बर आचार्य र आईसीआईसीआई बैंकका प्रबन्ध सञ्चालक तथा सीइओ सन्दीप बक्सीले संयुक्त रूपमा भर्चुअल माध्यमबाट गरे।

प्रतिनिधि कार्यालयमार्फत बैंकले नेपालका बैंकहरुसँग नजिकमा रहेर काम गर्ने तथा दुई देशबीच लगानी, व्यापार, भुक्तानी र ट्रेजरी व्यापारमा सहजीकरण गर्नेछ। नेपालमा शाखा प्रतिनिधि कार्यालयको स्थापनासँगै बैंकका अन्तर्राष्ट्रिय शाखा प्रतिनिधि कार्यालयहरु विभिन्न १५ देशमा पुगेको छ। बैंकले रञ्जनकुमार थापालाई नेपालको प्रतिनिधि कार्यालयको प्रमुख नियुक्त गरेको छ।

# सहुलियतपूर्ण कर्जाका लागि लक्ष्मी बैंकको सहकार्य

लक्ष्मी बैंकले रुकुम पश्चिमका त्रिवेणी र बाँफिकोट गाउँपालिकामा



सहुलियतपूर्ण कृषि कर्जा प्रवाहका लागि दुवै गाउँपालिकासँग छुट्टाछुट्टै सम्झौता गरेको छ। सम्झौता अन्तर्गत सम्बन्धित गाउँपालिकाको सहजीकरण र सिफारिसमा स्थानीय कृषि उद्यमी, कृषि समूह, कृषि सहकारीलगायत अन्य संघसंस्थाहरुले बैंकबाट सहुलियत दरमा कर्जा प्राप्त गर्नेछन्।

सम्झौतापत्रमा लक्ष्मी बैंकका रिटेल फाइनान्सियल सर्भिसका प्रमुख दिपेश अमात्य तथा त्रिवेणी र बाँफिकोट गाउँपालिकाका अध्यक्षहरु क्रमशः झक्कुप्रसाद घर्तिमगर र धर्मबहादुर केसीले उपरोक्त सम्झौतामा हस्ताक्षर गरे।

कार्यक्रममा लक्ष्मी बैंकका प्रमुख कार्यकारी अधिकृत अजयविक्रम शाहले बैंकले कृषि कर्जालाई प्राथमिकतामा राख्दै आएको र सोका लागि छुट्टै इकाइसमेत स्थापना गरेको जानकारी दिए।

# माछापुछ्रे बैंक र एशोसिएसन अफ प्रि-स्कुल एजुकेटर्स नेपाल बीच सम्झौता

माछापुछ्रे बैंक र एशोसिएसन अफ प्रि(स्कुल एजुकेटर्स नेपालसंग आवद्ध सदस्य वा सदस्यहरुद्वारा सञ्चालित उद्यमीहरुलाई सहुलियत कर्जा उपलब्ध गराउने सम्बन्धी सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा एशोसिएसन अफ प्रि(स्कुल एजुकेटर्स नेपालको तर्फबाट अध्यक्ष बद्रीप्रसाद दाहाल तथा माछापुच्छ्रे बैंकको तर्फबाट संस्थागत तथा पूर्वाधार कर्जा लगानी प्रमुख, सुभाष जमरकट्टेलले हस्ताक्षर गरे।

सम्झौता पश्चात एशोसिएसन अफ प्रि(स्कुल एजुकेटर्स नेपालसञ्ा आवद्ध सदस्य वा सदस्यहरुद्वारा सञ्चालित उद्यमीहरुलाई माछापुछ्रे बैंकले न्यूनतम १ लाखदेखि अधिकतम १५ लाखसम्मको सहुलियत कर्जा उपलब्ध गराउने छ। साना व्यवसायीहरुको मनोबल वृद्धि गरी स्वदेशमै आत्मनिर्भरता बढाउने तथा कोभिड(१९ ले सिर्जित विषम परिस्थितिका कारण विगत लामो

समयदेखि बन्द रहेका स्कुल तथा अन्य व्यवसायहरु विस्तारै खुल्दै जान थालेको अवस्थामा व्यवसायहरुलाई पुर्नजिवन प्रदान गर्न उद्देश्यले सम्झौता गरेको बैंकले जनाएको छ।

# सेञ्चुरी कमर्सियल बैंकको स्मार्ट टेलर संचालनमा

काठमाडौं। सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले मंसिर २१ गतेबाट स्मार्ट टेलर संचालनमा ल्याएको छ। यस स्मार्ट टेलर संचालनबाट सेञ्चुरी पे मोबाइल एपबाट क्यूआर स्क्यान गरी नगद झिक्नरनिकाल्न सकिने छ। बैंकले ग्राहकहरुको सेवाका लागि थप सुविधा विस्तार गर्ने उद्देश्यले स्मार्ट टेलर ल्याएको जनाएको छ। हाल उक्त सेवा काठमाडौंस्थित केन्द्रीय कार्यालयको लागि मात्र लागु हुनेछ। निकट भविष्यमा उक्त सुविधा काठमाडौं उपत्यकालगायत उपत्यका बाहिरसमेत लागु गरिने बैंकले जनाएको छ। यस सेवाबाट यस बैंकका ग्राहक वर्गले १ दिनमा कुल १ लाख रुपैयाँसम्म नगद झिक्न सक्ने र १० लाख रुपैयाँसम्म मासिक रुपमा नगद झिक्न पाउने र सो को लागि चेक वा डेबिट कार्ड आवश्यक नपर्ने बैंकले जनाएको छ।

## आर्थिक

# एन आई सी एशिया बैंकको मोबाइल बैंकिङबाटै ग्राहक महानुभावहरूले मुद्दती खाता खोल्न सक्ने सुविधा

डिजिटल बैंकिङ्गमा अग्रणी स्थानमा रहि नविनतम प्रविधिद्वारा वित्तीय सेवा तथा सुविधा प्रदान गर्दै आईरहेको यस एन आई सी एशिया बैंकले आफ्नो मोबाइल बैंकिङ्ग (NIC ASIA MoBank) मार्फत ग्राहक महानुभावहरूले आफै मुद्दती खाता खोल्न सक्ने सुविधाको थालनी गरेको छ। डिजिटल बैंकिङ्गको प्रवर्द्धनका साथै आफ्ना ग्राहक महानुभावहरूलाई अनलाइन माध्यमबाट मुद्दती खाता खोल्ने सुविधा दिई सहज बैंकिङ्गको प्रत्याभूति गराउन बैंकले यस नवीन सेवा सुरु गरेको हो। बैंकका ग्राहक महानुभावहरूले NIC ASIA MoBank एपमा रहेको Fixed Deposit आइकनमा ट्याप गरी जुनसुकै स्थान तथा समयमा मुद्दती खाता खोल्न सक्नुहुनेछ। यस बैंकमा ग्राहक महानुभावहरूले कम्तिमा तीन महिनादेखि अधिकतम १० वर्ष भन्दा बढी समयका लागि व्यक्तिगत मुद्दती निक्षेप गर्न सक्नुहुनेछ भने वार्षिक ब्याजदर सुविधा क्रमशः ७.२५ देखि ९.७५ प्रतिशतसम्म प्राप्त गर्न सक्नुहुनेछ। मोबाइल बैंकिङ्गमार्फत मुद्दती खाता खोल्नु हुने ग्राहक महानुभावहरूलाई प्रोत्साहनस्वरूप बैंकले प्रकाशित ४सम्पूर्ण किसिमका मुद्दती निक्षेपको ब्याजदरमा ०.५ प्रतिशत थप गर्ने व्यवस्था गरेको छ। 'सोच बदलौं' भन्ने नारालाई आत्मसात गर्दै आइरहेको यस बैंकले ल्याएका यो सुविधा अन्तर्गत स्वचालित पद्धतीअनुरूप ग्राहक महानुभावहरूले क्षणभरमै मुद्दती खाता खोली बिना कुनै झन्झट उच्चतम ब्याजदरले भरिपूर्ण मुद्दती निक्षेपको फाइदा लिन सक्नुहुनेछ। बैंकले हाल शाखा कार्यालयहरू तथा वेबसाइटमार्फत मुद्दती खाता खोल्ने सुविधा दिँदै आएकोमा NIC ASIA MoBank मार्फत थालनी गरिएको यस सुविधाबाट ग्राहक महानुभावहरूले अझ सहज रुपमा मुद्दती खाता खोल्न सक्नुहुनेछ। 'डिजिटल फष्ट बैंक' बन्ने दीर्घकालीन रणनीति अनुरुप बैंकले आफ्ना विभिन्न सेवा, कारोबार तथा सुविधाहरू प्रविधिमैत्री बनाउने क्रममा ल्याएको यस अनलाइन माध्यमबाट मुद्दती निक्षेपकर्ताहरूले थप सहज रुपमा सुविधा उपभोग गर्न सक्ने बैंकले विश्वास लिएको छ। स्मार्टफोन प्रयोगकर्ताहरूको संख्या उल्लेख्य बृद्धि भएसँगै डिजिटल कारोबार गर्ने महानुभावहरूको संख्यामा समेत तीव्र रुपमा बृद्धि भइरहेको अवस्थाबीच डिजिटल माध्यमबाट भरपर्दो कारोबार गरी नेपाल सरकारको Digital Nepal Framework अभियानलाई सहयोग गर्ने र नगद कारोबारको सट्टा डिजिटल कारोबारतिर ग्राहक महानुभावहरूलाई आकर्षित गरी मुलुकको अर्थतन्त्रलाई Cashless Economy बनाउन यो योजनाले सहयोग पुऱ्याउने बैंकले लक्ष्य लिएको छ। बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर ३३० शाखा कार्यालयहरू, ४७० एटिएम, ९९ वटा एक्स्टेन्सन काउण्टर एवं ७४ वटा शाखा रहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हो। २२ लाख भन्दा बढी ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरू अत्यन्त उत्साहप्रद रहेका छन्। उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब रू.२ अर्ब ६५ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ।

# सिद्धार्थ बैंकको लाभांश घोषणा, नगद र बोनस कति ?

काठमाडौं। सिद्धार्थ बैंक लिमिटेडले गत आर्थिक वर्षको नाफाबाट आफ्ना शेयरधनीहरूलाई वितरण गर्ने लाभांश घोषणा गरेको छ। बैंकको बसेको सञ्चालक समितिको बैठकमा आर्थिक वर्ष २०७६-७७ को मुनाफाबाट बैंकका शेयरधनीहरूलाई १२ प्रतिशत बोनस शेयर र ३ प्रतिशत नगद (कर प्रयोजनका लागि) गरी कुल १५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो। उक्त प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंक र आगामी वार्षिक साधारण सभाले अनुमोदन गरेपछि वितरण गरिनेछ।

आयुर्वेदिक उपचारको पहिलो रोजाइ
विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा, डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ।

विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.
**लाइन्स चोक, नारायणगढ, चितवन**
सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ।

# मन्त्री ज्ञवालीले सार्वजनिक गरेको नयाँ परराष्ट्र नीतिमा के छ ?

कमलदेव भट्टराई

काठमाडौं । सरकारले परिवर्तनशील र तरल क्षेत्रीय परिवेशमा राष्ट्रिय हितको रक्षा र प्रवर्द्धन परराष्ट्र नीतिको एक चुनौती रहेको बताएको छ ।

आइतबार सार्वजनिक गरिएको नीतिमा परराष्ट्र नीति सञ्चालनमा देखापर्न सक्ने विभिन्न चुनौतीहरुलाई सूत्रवद्ध गरिएको छ ।

सार्वजनिक रुपमा नै उपलब्ध हुने गरी एकीकृत रुपमा परराष्ट्र नीति तयार पारिएको यो पहिलो पटक हो । नयाँ नीतिमा क्षेत्रीय एवं विश्व शक्तिराष्ट्रहरुको सामरिक प्रतिस्पर्धाबाट नेपालको सार्वभौमिकता र राष्ट्रिय हितमा नकारात्मक प्रभाव पर्न नदिने कार्यलाई अर्को चुनौतीका रुपमा लिइएको छ ।

विशेषत: अहिले शक्ति राष्ट्रहरु अमेरिका र चीनका बीचमा तीब्र प्रतिस्पर्धा छ भने दुई छिमेकी मुलुक भारत र चीन पनि नेपालमा आफ्नो प्रभाव बढाउन प्रतिस्पर्धा गरिरहेका छन् ।

नयाँ नीतिमा विशेष गरी नेपालका छिमेकी र नजिकको क्षेत्रमा ठूला भूराजनीतिक, सामरिक, अन्तर्राष्ट्रिय सम्बन्ध र आर्थिक सम्बन्धमा आउन सक्ने अनपेक्षित परिवर्तनहरु जोखिमको रुपमा रहन सक्ने उल्लेख गरिएको छ ।

त्यसैगरी, नेपालको अन्तर्राष्ट्रिय सीमाको सुरक्षा गर्ने कार्यलाई अर्को महत्वपूर्ण चुनौतीका रुपमा उल्लेख गरेको छ ।

यतिबेला नेपाल र भारतको वीचमा सिमा विवाद चलिरहेको छ । गत वर्ष भारतले नेपाली भुभाग लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समेटेर नक्सा जारी गरेपछि त्यसलाई कूटनीतिक वार्ताका माध्यमले ल्याउने प्रमुख चुनौती सरकारको काँधमा छ । नयाँ परराष्ट्र नीतिमा भनिएको छ, 'ऐतिहासिक सन्धि, सम्झौता तथ्य र प्रमाणका आधारमा कूटनीतिक माध्यमबाट सीमा समस्याको समाधान गर्ने ।'

परराष्ट्र नीतिका मामिलामा विभिन्न दलहरुको पृथक दृष्टिकोण आइरहेको समयमा नयाँ परराष्ट्र नीतिले परराष्ट्र सम्बन्ध सञ्चालनमा सबै पक्षसँग प्रभावकारी समन्वय सहकार्य र सहयोग लिई एकीकृत राष्ट्रिय दृष्ट्रिकोण बनाउने कार्यलाई अर्को चुनौतीका रुपमा उल्लेख गरिएको छ ।

सो नीतिमा भनिएको छ, 'परराष्ट्र नीतिका विषयमा मुलुकका राजनीतिक दल लगायत सबै सरोकारवालाबीच एकीकृत र समान राष्ट्रिय दृष्टिकोण विकास गरी कार्यगत एकरुपता र समन्वय सुदृढ गर्दै जानुपर्ने कार्य कठिन देखिन्छ ।'

आइतबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री ज्ञवालीले परराष्ट्र नीति सञ्चालन र इन्गेजमेन्टमा कहिलेकाहीँ बहुकेन्द्रको अवस्था देखिएको बताउँदै त्यसलाई व्यवस्थित गर्न लागि परेको जानकारी दिए । त्यसलाई अन्त्य गर्नका लागि सरकारले कूटनीतिक आचारसंहितलाई अद्यावधिक गर्दै प्रभावकारी रुपमा कार्यान्वयन गर्न लागेको जानकारी दिए ।

छिमेक नीति

नयाँ परराष्ट्र नीतिमा छिमेक नीतिका बारेमा विस्तृतमा उल्लेख गरिएको छ । भनिएको छ, 'छिमेकी मित्रराष्ट्रहरुको सुरक्षा संवेदनशीलतलाई ध्यानमा राख्दै नेपाली भूमि उनीहरुको हित प्रतिकुल हुनेगरी प्रयोग हुन नदिने नीति र व्यवहारलाई निरन्तरता दिने ।'

त्यसैगरी छिमेकी मुलुकहरुसँग सडक, रेलमार्ग, जलमार्ग, हवाई मार्ग लगायतका वहुआयामिक सञ्जालको विस्तार गर्ने उल्लेख गरिएको छ । छिमेकी मुलुक भारत र चीनको आर्थिक विकास र समृद्धिबाट लाभ लिने गरी सहयोगका अन्य क्षेत्र पहिचान गर्ने एवं साझ हितका विषयमा दुईपक्षीय, त्रिपक्षीय एवं बहुपक्षीय साझेदारी प्रवर्द्धन गर्ने उल्लेख गरेको छ ।

त्यसैगरी छिमेकी मुलुकसँग भएका सन्धी र सम्झौताको पुनरावलोकन र परिमार्जन गर्ने उल्लेख छ । विशेषगरी भारतसँग नेपालले सन् १९५० को शान्ति र मैत्री सन्धी संशोधन गर्ने विषय उठाएको छ । त्यसैले भारतसँग भएका विभिन्न सन्धी र सम्झौताहरुको पुनरावलोकनको विषयलाई पनि नयाँ नीतिले छोएको छ ।

विधिमा आधारित विश्व व्यवस्था

यतिबेला विश्व व्यवस्था अपनाउने भन्ने सम्बन्धमा बहसहरु भइरहेका छन् । कतिपयले विधिमा आधारित व्यवस्थामा विभिन्न खालका चुनौतीहरु आएका बताएका छन् । यति मात्रै होइन, शक्ति राष्ट्रहरुका वीचमा आफू अनुकुलको विश्व व्यवस्था बनाउने प्रयाससमेत भइरहेका छन् ।

यस सम्बन्धमा नयाँ परराष्ट्र नीतिमा नेपाल विधिमा आधारित विश्व व्यवस्थामा आधारित रहेको उल्लेख गरिएको छ । नयाँ नीतिमा 'विधिमा आधारित न्यायपूर्ण, समावेशी, मानव केन्द्रित र निष्पक्ष विश्व व्यवस्थाका लागि सक्रिय भूमिका निर्वाह गर्ने उल्लेख छ ।

सो नीतिमा अगाडि भनिएको छ, 'सार्वभौमिक समानताका आधारमा सबै राष्ट्रले अन्तर्राष्ट्रिय दायित्व इमान्दारिपूर्वक बहन गर्नुपर्ने पक्षमा आवाज र अन्तर्राष्ट्रिय नीति निर्माण प्रक्रियामा सबै राष्ट्रको आवाज र अभिमत प्रतिबिम्बित हुने विश्व व्यवस्थाको वकालत गर्ने ।'

क्षेत्रीय संगठनमा जोड

दक्षिण एशियाली सहयोग संगठन सार्क चार वर्षदेखि कोमामा छ । विशेषत: यसको सबैभन्दा ठूलो सदस्य भारत सार्कलाई सक्रिय बनाउने पक्षमा छैन । तर, नयाँ नीतिमा भने क्षेत्रीय संगठनहरुमा सक्रिय भूमिका खेल्ने उल्लेख गरिएको छ ।

परराष्ट्र नीति सार्वजनिक गर्न मन्त्रालयमा आयोजना गरिएको पत्रकार सम्मेलनमा मन्त्री ज्ञवालीले नेपालले सार्कको सक्रियताका लागि पहल गरिरहेको जानकारी दिए ।

यसबारे नयाँ नीतिमा भनिएको छ, 'क्षेत्रीय अन्तरनिर्भरता र अन्तर आवद्धतालाई सघन बनाउँदै आर्थिक विकास र समृद्धिका लागि साझा चासोका विषयमा क्षेत्रीय सहयोगलाई प्रभावकारी माध्यमका रुपमा विकास गर्न जोड दिने ।'

मन्त्री ज्ञवालीले सार्कलाई सक्रिय बनाउने सन्दर्भमा पछिल्लो समयमा कालो बादलमा केही चाँदीको घेरो देखापरेको बताउँदै सार्कका विभिन्न संयन्त्रहरुको बैठक भइरहेको जानकारी दिए ।

वहुपक्षीताको पक्षमा नेपाल, नयाँ संगठनको सदस्यता लिइने

संसाभर यतिबेला बहुपक्षीयताका सम्बन्धमा विभिन्न दृष्टिकोणबाट बहस भइरहेको छ । नयाँ नीतिमा संयुक्त राष्ट्रसंघको केन्द्रीय भूमिकालाई प्रभावकारी बनाउन र वडापत्रले लक्षित गरेको विश्व व्यवस्था निर्माणका लागि बहुपक्षीयताको संरक्षण र बहुपक्षीय संस्थाहरुको सामयिक सुधार र कार्यान्वयनमा जोड दिने उल्लेख छ ।

साथै, दिगो विकासको लक्ष्य प्राप्त गर्नका लागि राष्ट्रसंघ र अन्य निकायको भूमिकालाई प्रभावकारी बनाउन पहल गर्ने समेत उल्लेख छ । यसमा अगाडि भनिएको छ, 'राष्ट्रिय हित अनुकुल हुने गरी विभिन्न बहुपक्षीय सन्धी र सम्झौताको पक्ष बन्ने र अन्य क्षेत्रीय र अन्तर्राष्ट्रिय संगठनको सदस्यता लिनेसमेत नयाँ नीतिमा उल्लेख छ । पछिल्लो समयमा केही मुलुकले आफू केन्द्रित नीति अवलम्वन गरिरहेको समयमा नेपालले स्पष्टरुपमा बहुपक्षीयतामा उभिने बताएको छ ।

आर्थिक कूटनीतिमा जोड

देशभित्र राजनीतिक स्थिरता कायम भएको भन्दै नयाँ नीतिमा अब आर्थिक कूटनीतिलाई विशेष जोड दिने उल्लेख छ । आर्थिक कूटनीतिलाई समग्र कूटनीतिको एक आयामका रुपमा सञ्चालन गरी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा हासिल गर्न योगदान पुऱ्याउने उल्लेख छ । पाँच वर्षको म्यान्डेटसहित नयाँ सरकारको निर्माण भएसँगै सरकारले आर्थिक कूटनीतिलाई विशेष जोड दिइरहेको छ ।

ट्र्याक टू कूटनीतिमा जोड

नयाँ परराष्ट्र नीतिले ट्र्याक टू कूटनीतिमा विशेष जोड दिएको छ । औपचारिक वार्ताको वातावरण बनाउन सो कूटनीतिको प्रयोग गर्ने उल्लेख छ । दुईपक्षीय सम्बन्धको विषयवस्तुको गम्भीरतालाई हेरेर प्रवुद्ध समूहको गठन गर्ने उल्लेख छ ।

त्यसैगरी विभिन्न विज्ञ र सञ्जालको उपयोग गर्ने समेत नीतिमा उल्लेख गरिएको छ ।

यसबाहेक नयाँ नीतिमा पब्लिक डिप्लोमेसी, संस्थागत सुदृढीकरण लगायतका विषयहरु उल्लेख छन् ।

## देउन दिलमा दरबन्दी सार्वजनिक

भक्तपुर । भक्तपुरको सूर्यविनायक नगरपालिका-१ सिरुटारका मिलन मिश्र र अमुदा विष्टले अष्ट्रेलियाबाट म्युजिक भिडियो 'देउन दिलमा दरबन्दी' सार्वजनिक गरेका छन् । विगत आठ वर्षदेखि अष्ट्रेलियामा बस्दै मोडलिङ र अभिनयमा सक्रिय रहँदै आएका श्रीमान्श्रीमती मिलन र अमुदाले केही महिना अगाडि नेपालको एक महिनाको बसाइमा विभिन्न जिल्लामा खिचेको म्युजिक भिडियो अष्ट्रेलियाबाटै 'मिलअमु फिल्मस्' मार्फत सार्वजनिक गरेका हुन् ।

देवल भण्डारीको शब्द, अस्मिता अधिकारी र उमेश खत्रीको स्वर, दीपक शर्माको सङ्गीत र नरेन्द्र वियोगीको सङ्गीत संयोजन रहेको उक्त म्युजिक भिडियो उत्कृष्ट बनेको छ । युवायुवतीबीचको प्रेम र आकर्षणलाई रोमाञ्चक ढङ्गले प्रस्तुत गरिएको म्युजिक भिडियोमा मिलन र अमुदाको आकर्षक नृत्य देख्न सकिन्छ । राष्ट्रिय समाचार समितिका पत्रकार रमेश मिश्र तथा उहाँकी पत्नी शोभा मिश्र उत्पादक रहेको उक्त म्युजिक भिडियोलाई उत्सव दाहालले छायाङ्कन, केशवराज भट्टले कोरियोग्राफी, विकास दाहालले सम्पादन र प्रकाश धितालले निर्देशन गरेका छन् । यसअघि पनि मिलनले अष्ट्रेलियाको ब्रिजवेनमा रहेको पगोडा क्रियसन प्रडक्सन हाउसले निर्माण गरेको म्युजिक भिडियोमा पनि आफ्नो अभिनय प्रस्तुत गरेका छन् । इन्द्र आरपी र नीलिमा थापामगरको स्वर रहेको उक्त म्युजिक भिडियोले चर्चा पाएपछि मिश्रले धमाधम म्युजिक भिडियोमा अभिनय गर्न थालेका हुन् । नेपाली सिने जगत्मा आफ्नो स्थान बनाउन अष्ट्रेलिया रहँदा पनि सङ्घर्षशील मिश्रले यसअघि थुप्रै 'सर्ट' फिल्मदेखि चर्चित गीतको म्युजिक भिडियोमा आफ्नो अभिनय एवं नृत्य कला देखाइसकेका छन् ।


नेपाल आयल निगम लिमिटेडको
खाना पकाउने एल.पी.ग्यास प्रयोगकर्ताहरुलाई
सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त सतर्कता र सावधानी अपनाउन जरूरी हुन्छ । यसैले खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न देहायका कुराहरूमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्त वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू:

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऊँ भान्छामा सिलिण्डर सधै ठाडो राखी प्रयोग गारैं, सुताएर र घोप्टाएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रबर पाइप, चुल्होजस्ता उपकरणहरू गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं । साथै हरेक २ वर्षमा ग्यासको पाइप फेरौं ।

३. खाना पकाउँदा सधै झ्याल ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

४. काम सकिएपछि सधै रेगुलेटर बन्द गरौं ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू:

५. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिर्खा गन्ध आइरहेको छ भने ग्याँस लिंक भइरहेको छ भन्ने बुझ्नु पर्दछ ग्याँस लिंक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव (knob )बन्द गरौं ।

६. ग्याँस हावाभन्दा गह्रौ हुने भएकोले भूईमा बस्छ । यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर। धुप आदि नबालौं र बिजुली बत्तीलगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं ।

७. ग्याँस लिंक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्भमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्याँस बिक्रेता वा सम्बन्धित ग्याँस उद्योगीलाई

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।


# रामेछाप डायरी

## लैङ्गिक हिंसा अन्त्यका लागि रामेछापका उपप्रमुखहरु एकजुट

रामेछापका स्थानीय सरकारका उपप्रमुखहरुले लैङ्गिक हिंसा अन्त्य गर्न सबै मिल्नुको विकल्प नभएको बताएका छन् । जिल्ला समन्वय समितिका उपप्रमुख एवं नगरपालिकाका उपप्रमुख तथा गाउँपालिका उपाध्यक्षहरुले लैङ्गिक हिंसा अन्त्य गर्न महिलता तथा पुरुष दुवै मिलेर अगाडी बढ्नुपर्नेमा जोड दिएका हुन् । लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसर दोरम्बा गाउँपालिकाको शुक्रबार आयोजना गरेको सुझाव सङ्कलन कार्यक्रममा उनीहरुले यस्तो जोड दिएका हुन् । अहिले जिल्लाका सवै स्थानीय सरकारले लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तरगत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् । जिल्ला समन्वयन समितिकी उपप्रमुख दीपा पाखिनले समाजमा रहेको हुने लैङ्गिक हिंसा सङ्ग सम्बन्धित बेथितिको अन्त्यको लागि महिला पुरुष मिल्नको विकल्प नरहेको बताउनुभयो । मन्थली नगरपालिकाकी उपप्रमुख माया कार्कीले लैङ्गिक हिंसा पुरुषबाट मात्र नभइ महिलाले महिलामाथि नै विभिन्न हिंसा हुने गरेको बताउनुभयो । रामेछाप नगरपालिकाकी उपप्रमुख सिर्जना खड्काले अहिले पितृसत्तात्मक सोच र चिन्तको कारण समाजमा लैङ्गिक हिंसाका घटनाहरु भैरहेको बताउनुभयो । खाँडादेवी गाउँपालिकाकी उपाध्यक्ष मखमली श्रेष्ठले आर्थिक सामाजिक रुपमा समाजमा हुने लैङ्गिक हिंसा हटाउनु पर्नेमा जोड दिनुभयो । सुनापति गाउँपालिकाकी उपाध्यक्ष गीता विष्ट र दोरम्बा गाउँपालिकाकी उपाध्यक्ष कृशला घिसिङले महिलाले केही गर्न नसक्ने समाजको मानसिकतालाई परिवर्तन गर्नुपर्ने बताउनुभयो । आठ स्थानीय तहको ६४ वडा रहेको रामेछापमा चालु आर्थिक बर्षको हालसम्म लैङ्गिक हिंसासङ्ग जोडिएका १२ वटा भन्दा बढी उजुरी जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका छन् । यो अवधिमा घरेलु हिंसाका सात र सामान्य विवादका पाँच घटना प्रहरीमा दर्ता भएका हुन् । जसमा घरेलु हिंसाका सवैमा मिलापत्र भएको र सामान्य विवादका चारवटामा मिलापत्र भएको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ ।

## भूतपूर्व सैनिक संघ रामेछापको प्रथम साधारण सभा सम्पन्न

नेपाल राष्टिय भूतपूर्व सैनिक संघ जिल्ला कार्य समिति रामेछापको प्रथम साधारण सभा सम्पन्न भएको छ । संघले मन्थलीमा एक कार्यक्रमको आयोजना गरी प्रथम साधारण सभा सम्पन्न गरेको हो । संघले २०७१ सालदेखि हालसम्मको अवद्यिमा २८ लाख एक हजार ५२ रुपैयाँ आम्दानी गरेकामा यहि अवद्यिमा २७ लाख ७० हजार ५ सय ४३ रुपैयाँ खर्च गरेको संघका सभापती टहल बहादुर कार्कीले कार्यक्रममा जानकारी गराउनुभयो । साथै सोहि कार्यक्रममा नेपाल राष्टिय भूतपूर्व सैनिक संघ जिल्ला कार्य समितिमा विभिन्न सहयोग तथा योगदान पुर्याएको भन्दै ७ जनालाई सम्मान गरिएको छ । सम्मानित हुनेहरुमा खड्ग आले मगर , यम बहादुर बुढाथोकी , केशव प्रसाद घिमिरे , शिवध्वज कार्की , कमल खत्री , दुर्गा बहादुर खड्का र श्याम कुमार थापा मगरलाई प्रमाण पत्र सहित दौसल्ला आढाएर सम्मान गरिएको हो ।

## रामेछापमा १८८ जना कोरोना सक्रमित निको

रामेछाप जिल्लामा थप एक जनाले कोरोना भाइरस कोभिड १९ लाई जितेँका छन् । शुक्रबार नेपाल बिद्युत प्राधिकरण मन्थली रामेछापमा कार्यरत ४५ वर्षका पुरुष कर्मचारीले कोरोनालाई जितेँर डिस्चार्ज भएसङ्गै जिल्लामा कोरोना भाइरसलाई जित्नेको सङ्ख्या १८८ पुगेको स्वास्थ्य कार्यालय रामेछापका जनस्वास्थ्य अधिकृत भुवन थापाले जानकारी दिनुभयो । जिल्लामै स्वाब सङ्कलन गरिएका १९७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएकोमा अहिलेसम्म १८८ जना कोरोना सङ्क्रमणमुक्त भएर डिस्चार्ज भैसकेको उहाँले बताउनुभयो । उहाँका अनुसार जिल्लामा अहिले मन्थली प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत दुईजना चिकित्सक सहित मन्थली नगरपालिकामा आठ जना र जिल्ला अस्पताल रामेछापमा एकजना गरी नौंजना सक्रिय सङ्क्रमितको आइसोलेशनमा उपचार भैरहको छ ।

## रामेछाप साँस्कृतिक कलाकार समाज

रामेछाप साँस्कृतिक कलाकार समाज लिखुतामाकोशी गाउँपालिका स्तरिय कार्यसमिति गठन भएको छ । आइतबार लिखुतामाकोशी गाउँपालिका केन्द्र धोवी बजारमा राजन प्रसाद पौडेलको नेतृत्वमा नौं सदस्यिय नयाँ कार्यसमिति गठन भएको हो । नव गठित कार्यसमितिको अन्य पदाधिकारीहरुमा उपाध्यक्ष, महिला उपाध्यक्ष, सचिव, सह(सचिव र कोषाध्यक्षमा क्रमश डेगराज पौडेल, रोलिना थापा मगर, निर्मला नेपाली, कालि बहादुर मगर र नारायण थापा चयन भएका छन् । कार्यसमिति सदस्यहरुमा विन्दिरा रसाइली, मिलन श्रेष्ठ र शुसिला बुढाथोकी रहेका छन् । रामेछाप साँस्कृतिक कलाकार समाज लिखुताकोशी गाउँपालिका संयोजक राजेशकुमार नेपालीको अध्यक्षता, लिखुतामाकोशी गाउँपालिकाका कार्यबाहक अध्यक्ष दिपशिखा दाहाल न्यौपानेको प्रमुख आतिथ्यता तथा समाजका अध्यक्ष रामकुमार पौडेल, महासचिव युनिक विफा घिसिङको विशेष उपस्थितिमा कार्यक्रम भएको थियो । कार्यक्रममा बोल्दै कार्यबाहक अध्यक्ष दिपशिखा दाहाल न्यौपानेले पालिकाभित्रको कला संस्कृति जगेर्ना गर्न कलाकार समाजसंग मिलेर अगाडी बढ्ने प्रतिवद्धता ब्यक्त गर्नु भयो । उहाँले भन्नु भयो । पालिकाको विकासका निमित्त केहि काम गर्नको लागि यहाँहरुले अगाडी बढाउनु भयो भने बसौ योजना बनाऔं के कति ? सकिन्छ सहकार्य गरौं । यसैगरी समाजका अध्यक्ष रामकुमार पौडेलले जिल्लाभित्र लुकेर रहेका प्रतिभाहरुलाई बाहिर ल्याउनको लागि र कला संस्कृतिलाई प्रवर्धन गर्नका लागि विगत लामो समयदेखि साँस्कृतिक कलाकार समाज क्रियाशिल रहेको बताउनु भयो । नव गठित पालिका स्तरिय कार्यसमितिका अध्यक्ष राजन प्रसाद पौडेलले पालिकाभित्रको सांस्कृतिक पक्षमा सवैसंग मिलेर अगाडी बढ्न चाहेको बताउनु भयो । रामेछाप साँस्कृतिक कलाकार समाजको पालिका स्तरिय गठनप्रक्रिया आगामी २४ गते मन्थली नगर स्तरिय हुने बताइएको छ ।

## मन्थली क्याम्पसले लकडाउन अवधिको शुल्क नलिने

रामेछाप । रामेछाप सदरमुकाम मन्थलीमा सञ्चालित मन्थली सहिद स्मृति बहुमुखि क्याम्पसले विश्वभर फैलिएको कोरोना भाइरसको प्रभावलाई ध्यानमा राखेर विद्यार्थीहरुलाई मासिक शुल्कमा छुट दिने भएको छ। विद्यार्थीहरुको माग र कोरोना प्रभावलाई ध्यान दिएर क्याम्पसले कोरोना भाइरसबाट बच्नाका लागि सरकारले जारी गरेको लकडाउन अवधि र चालु शैक्षिकसत्रको दुईमहिनाको शुल्क छुट गर्ने भएको हो । शुक्रबार क्याम्पस प्रमुख ऋषि कार्कीको अध्यक्षतामा क्याम्पस सञ्चालक समितिका सदस्य ,शिक्षक तथा विद्यार्थी संगठनका प्रमुख एवं प्रतिनिधिहरु सहभागि बैठकमा शुल्क छुट दिने निर्णय भएको हो ।

# हार्दिक बधाई



हाम्रो यस जनआकाश मिडियाका सुभचिन्तक नविन पाठकको यहि १६ गते रेनुका गिरीसँग शुभ विवाह सम्पन्न भएकोमा हाम्रो यस जन आकाश मिडियाको तर्फवाट हार्दिक बधाई तथा दामपत्य जीवनको शुभकामना व्यक्त गर्दछौ ।

**मोहन कार्की**
अध्यक्ष
**जन आकाश मिडिया प्रा.लि. (परिवार)**

**नेपालको संविधान तथा फौजदारी अपराध( संहिता) ऐन लगायत विद्यमान कानूनहरुले व्यक्ति, समुदाय, राज्य, लिंग, जाति, भाषा,धर्म, क्षेत्रको भावनामा आघात पुऱ्याउने गरी कुनै पनि प्रकारको भाषा, साहित्य, लेख, रचना, गीत, चलचित्र, भिडियो निर्माण, प्रकाशन तथा प्रशारण गर्नुलाई फौदारी कसुर ठहर्ने हुदा जान अन्जानमा त्यस्ता कसूर नगरौं/नगराऔं ।**

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## अन्तराष्ट्रिय समाचार

### रोमानीयामा आइतबार संसदीय निर्वाचन

पूर्वी युरोपेली मुलुक रोमानीयामा आइतबार संसदका लागि आमनिर्वाचन हुँदैछ । कोरोनाभाइरस महामारी नियन्त्रणका लागि सरकारको प्रयासलाई लिएर आलोचना भइरहे पनि वर्तमान युरोपेली पक्षधर सरकारले नै विजय हासिल गर्ने अनुमान गरिएको छ । चुनावका लागि मतदान केन्द्रहरु बिहान ७ बजेदेखि साँझ ९ बजेसम्म खुला रहने निर्वाचन आयोगले जनाएको छ । चुनावको पहिलो नतिजा अबेर रातिसम्ममा प्राप्त हुने अपेक्षा गरिएको छ । मतदान केन्द्रहरुमा कोरोनाभाइरसबाट सचेतता अपनाउन सामाजिक दूरी, मास्क लगाउने र हातधुने विधि अपनाइने आयोगले जनाएको छ । पछिल्ला केही समयदेखि राष्ट्रवादीहरु लोकप्रिय नारा दिएर चर्चामा रहेपनि उदारवादी प्रधानमन्त्री लुडोभिक ओर्बानले युरोपकै सबैभन्दा गरिब राष्ट्र रोमानीयालाई आधुनिक र युरोपेली मुलुककै मापदण्डमा उभ्याउने प्रतिबद्धता व्यक्त गर्नु भएको छ । प्रधानमन्त्री ओर्बानले गत वर्षदेखि नै अल्पमतको सरकारको नेतृत्व गरिरहनु भएको छ । आइमास इन्स्टिच्यूटले हालै प्रकाशन गरेको जनमत सर्वेक्षणमा ओर्बानको नेसनल लिबरल पार्टी (पिएनएल) ले २८ प्रतिशत मत प्राप्त गर्ने अनुमान गरेको छ । विपक्षी सोसल डेमोक्रेटिक पार्टी (पिएसडी) ले २३ प्रतिशत मत प्राप्त गर्ने आइमासले प्रक्षेपण गरेको छ । हालै गठन भएको मध्य-दक्षिणपन्थी गठबन्धन युएसआर-प्लसले करिब १८ प्रतिशत मत प्राप्त गर्ने अनुमान छ । रोमानीयाली राजनीतिमा पछिल्ला केही समयदेखि यस गठबन्धनले प्रभाव सिर्जना गर्न थालेको छ । आइमासले रोमानीयामा यसपटक ४० प्रतिशतभन्दा बढी मतदान नहुने प्रक्षेपण गरेको छ ।

### अमेरिकामा एकै दिनमा २ लाख ३० हजार थप संक्रमित

अमेरिकामा कोरोना भाइरस संक्रमणको नयाँ रेकर्ड कायम भएको छ । संयुक्त राज्य अमेरिकाले लगातार तेस्रो दिन पनि गत २४ घण्टामा कोरोनाभाइरसबाट २ लाख ३० हजार थप व्यक्ति संक्रमित भएका जोन्स हप्किङ्स विश्वविद्यालयले जानकारी दिएको छ । त्यसगरी गत २४ घण्टामा कोरोना भाइरस संक्रमणबाट २ हजार ५२७ जनाको मृत्यु भएको बाल्टिमोरआवद्ध विश्वविद्यालयले शनिबार राती ८ बजे जानकारी दिएको छ । गत वर्षको डिसेम्बरबाट चीनको हुबे प्रान्तको वुहान शहरबाट शुरु भएको कोरोना भाइरसको कारण अमेरिका सब भन्दा बढी प्रभावित भएको छ । अमेरिका गत दुई हप्तादेखि लगातार प्रत्येक दिन कोरोना भाइरस संक्रमणको कारण २ हजार भन्दा बढी व्यक्तिको मृत्यु भईरहेको जनाइएको छ । अमेरिकामा कोरोना भाइरस शुरु भएदेखि हालसम्म १ करोड ४६ लाख व्यक्ति कोरोना भाइरस संक्रमित भएका छन् भने यस संक्रमणबाट २ लाख ८१ हजार व्यक्तिको मृत्यु भईसेकेको छ ।

### बेलायतका प्रधानमन्त्री र युरोपेली कमिसनका अध्यक्षवीच ब्रेक्जिटबारे वार्ता हुने

बेलायतका प्रधानमन्त्री र युरोपेली कमिसनका अध्यक्षबीच ब्रेक्जिटपछिको वार्ता हुने भएको समाचारमा जनाइएको छ । सो वार्ता सोमबार हुन लागेको हो । बेलायतका प्रधानमन्त्री बोरिस जोनसन र युरोपेली कमिसनका अध्यक्ष उर्सला भोन डेर लियनबीच सोमबार बेलायत युरोपेली युनियनबाट बाहिरिएपछिको ब्रेक्जिटका विषयमा वार्ता हुन लागेको हो । शनिबार उहाँहरुकाबीचमा भएको फोनवार्ताका क्रममा सो विषयमा सहमति भएको थियो । त्यस अवसरमा सोमबार साँझ सो वार्ता गर्ने विषयमा सहमति भएको थियो । साथै यस विषयमा दुई नेताबीच समय समयमा वार्ता गर्ने बारेमा पनि सो फोनवार्ताका क्रममा सहमति भएको थियो । बेलायतका प्रधानमन्त्रीको कार्यालयबाट प्रकाशित भएको विज्ञप्तिमा उहाँहरुबीच कुराकानी हुने बारेमा जानकारी गराइएको छ । साथै सो वार्तामा विभिन्न आर्थिक तथा अरु द्धिपक्षीय विषयहरुमा पनि छलफल हुने बताइएको छ ।

### चीनमा कोइला खानीमा परेर २३ जनाको मृत्यु

चीनमा कोइला खानीमा भएको दुर्घटनामा परेर कम्तीमा पनि २३ जनाको ज्यान गएको छ । चीनको चोकिङमा रहेको एक कोइला खानीमा सो दुर्घटना भएको बताइएको हो । उक्त क्षेत्रको सो कोइला खानीमा अधिक मात्रामा कार्बन मोनोअक्साइडको मात्रा बढी रहेकोले ग्याँस विस्फोट भएको थियो । त्यस दुर्घटनामा परेर २३ जनाको ज्यान गएको थियो । त्यस दुर्घटनामा परेका अर्का एकजनालाई भने उद्धार गरेर बाहिर निकालिएको यहाँका उद्धारकर्मी तथा मजदुरहरुले जानकारी दिएका हुन् । चीनको समाचार समिति सिन्ह्वाले दिएको समाचारमा शुक्रबार अपरान्ह पाँच बजेतिर सो खानीमा उक्त दुर्घटना भएको थियो । त्यो कोइला खानी करिब दुई महिना अघिदेखि बन्द गरिएको थियो । सरकारले तय गरेका सुरक्षाका मापदण्डहरु पूरा नगरेको भनेर उक्त कोइला खानी बन्द गरेकोमा हालैमात्र त्यसलाई सञ्चालनमा ल्याइएको थियो । चीनमा कोइला खानीमा यस्ता दुर्घटनाहरु बारम्बार हुने गरेका छन् । यस दुर्घटनापछि यस खानीको पनि अनुसन्धान गरिने भएको यहाँको प्रहरीले जानकारी दिएको छ ।

### कान्दाहारमा सेनाले गरेको कारबाहीमा १८ लडाकू मारिए

अफगानिस्तानको दक्षिणी कान्दाहार प्रान्तमा भएको सैनिक कारबाहीमा कम्तीमा १८ जना तालिबानी लडाकू मारिएको सेनाले जनाएको छ । कान्दाहार प्रान्त विद्रोही तालिबानको गढका रुपमा चिनिन्छ । शनिबारदेखि प्रान्तका डन्ड, जेलाई र मरुद जिल्लामा केही दिनदेखि सैनिक कारबाही जारी रहेको अफगान रक्षा मन्त्रालयले जनाएको छ । मन्त्रालयले कारबाहीका क्रममा ठूलो मात्रामा हातहतियार र बारुदी सुरुङ समेत बरामद गरिएको बताएको छ । तालिबान विद्रोहीहरुले उक्त घटनाका बारेमा केही बताउन चाहेका छैनन् ।

### भारतमा शनिबार एकै दिनमा ३६ हजार संक्रमित

भारतमा शनिबार थप ३६ हजार व्यक्तिमा कोरोना भाइरस संक्रमण पुष्टि भएपछि कोरोना भाइरस संक्रमितको संख्या ९६ लाख ४४ हजार २२२ पुगेका केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतबार जनाएको छ । जसमध्ये ९१ लाख भन्दा बढी संक्रमणमुक्त भएका छन् । सो मन्त्रालयका अनुसार हाल ४ लाख ३ हजार २४८ व्यक्ति अझै पनि सक्रिय संक्रमित अवस्थामा छन् । भारतमा एकै दिन ५० हजारभन्दा कम संक्रमित भेटिएको यो लगातार २८ औं दिन हो । भारतमा कोरोना भाइरस संक्रमणबाट २४ घण्टामा थप ४८२ जनाको मृत्यु भएको र यो सहित भारतमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या एक लाख ४० हजार १८२ पुगेको छ । भारतभरी सब भन्दा बढी कोरोना भाइरस प्रभावित राज्य महाराष्ट्रमा ८३ हजार ९३१ अझै पनि सक्रिय संक्रमित रहेका आइतबार जनाइएको छ ।

मुक्तक १
कुनै समय नजिक थिएँ भन्ने नबिर्सिनू
आज बाध्यतामा बाँधिएँ भन्ने नबिर्सिनू
अर्कैको भएपछि सम्झिरहन त पाइँदैन
तर बिर्सिए पनि बिर्सिएँ भन्ने नबिर्सिनू ।
मुक्तक २
विभेदको पर्खाल अनि कुरीति देखिएन भने
अस्थिरता सँगसँगै भ्रष्ट नीति देखिएन भने
धरहरा जतिसुकै अग्लो बनाएर पनि के गर्नु
जहाँबाट हेर्दा देशको बेथिति देखिएन भने ।
मुक्तक ३
बिमारको परवाह नगर् तँ आफैंले घर चला
कोही दयालु आएर भन्दैनन् यहाँ 'खर्च ला'
बुढेसकालमा काम गर्ने रहर हुँदै होइन बाबु
उमेरले आराम गर भन्छ अभावले जाँगर चला
मुक्तक ४
सेवा गरेजस्तै गरी गालामा झापड हान्नेहरू छन्
कसैको भर नपर्नुस् आमा झापड हान्नेहरू छन्
तपाईंलाई कसैले चश्मा दिएको सुनेर चिन्तित छु
यहाँ लामखुट्टे मार्ने बहानामा झापड हान्नेहरू छन्



खगेन्द्र समरस
सुन्दरहरैंचा २ मोरङ
हाल यूएई

मुक्तक १
झुपडीमा बस्दा पनि आनन्द होस्
पटुकी कस्दा पनि आनन्द होस्
कल्याण होस् सबैको जहाँ रहेपनि
जंगलमा पस्दा पनि आनन्द होस्
मुक्तक २
हरेक साँझ बिहान सम्झेर हुँदोरहेनछ
पत्थरलाई भगवान सम्झेर हुँदोरहेनछ
आजीव लाग्छन् फर्कि हेर्दा ती दिनहरु
मुर्खहरुलाई विद्वान् सम्झेर हुँदोरहेनछ
मुक्तक ३
जीविका चलेकै रछ भनेर मौन छ छोरो
अंगेनो नि बलेकै रछ भनेर मौन छ छोरो
आमाबुवाको कराइमा अभाव छड्के पनि
कर्कलो त गलेकै रछ भनेर मौन छ छोरो
मुक्तक ४
सही गलत पर्गेल्न सक्ने शिक्षा छैन आज
हतारमा नै गर्छन् निर्णय प्रतीक्षा छैन आज
जे गरेउँ राम्रै त गरेउँ भन्छन् बुद्धिजीवीहरु
कुन काम कसरी भयो समिक्षा छैन आज


अनिता 'यात्री'
कपन १०
काठमाडौं

मुक्तक १
कस्तो अचम्म नारिले नारी कुटेको देखियो
कठै ! शरीर अधकल्चो पारी कुटेको देखियो
हिजो दाइजो प्रथा अन्त्य गर्छु भन्ने महोदयले
घरमा दाइजो नल्याउँदा बुहारी कुटेको देखियो ।
मुक्तक २
यत्ती भन्छु म, ऋण लागोस् तर दिन नलागोस् ।
पसिना बगोस् सधैं, अल्छी एकछिन नलागोस् ।
यदि कुनै दिन म यो देशको मन्त्री भएछु भने,
मलाई देखेर देशका जनतालाई घिन नलागोस् ।
मुक्तक ३
झुक्नुपर्दैन कसैसँग आफुभित्र बहादुरी भएपछि
बस्नुपर्दैन भोकै कहिल्यै बलिया पाखुरी भएपछी
इतिहास हिजोको हामीले कहाँ बिर्सिएका छौं र ?
मिसाइल पनि घुँडा टेक्छ एउटा खुकुरी भएपछि ।
मुक्तक ४
जानाजान खराबलाई असल भनी चुन्न कहाँ सक्छु र
बाहिर चिल्लो कुरा गरि भित्र जाल बुन्न कहाँ सक्छु र
नथाकी निरन्तर मेहनत गर्दै आफ्नै बाटो हिडिंरहन्छु,
कुरा काट्दै हिड्ने दुनियाँको मुख थुन्न कहाँ सक्छु र ?


युवराज कार्की
गौरादह
झापा

मुक्तक १
हिमाल जस्तो अटल रहोस् त्यो मन
प्रकृतिले दिउन् सबलाई सुन्दर तन
दु:ख कष्ट जे जस्तो बाधा आए पनि
स्वतन्त्र रुपले चलोस् सबको जीवन !
मुक्तक २
गंगाजल जस्तो सबै जल पवित्र हुँदैन
सबै व्यक्तिमा असल चरित्र हुँदैन
शायद त्यही भएर होला यो जगतमा
विश्वासघात गर्ने व्यक्तिको धेरै मित्र हुँदैन !
मुक्तक ३
प्रेमको अर्थ गहिरो छ थरिथरि भएपनि परिभाषा
प्रेम पूजाको प्रतीक हो राख्छन् सबैले ठूलै आशा
लोभ गर्छौं मायामा केही पाउने आश गर्छौं जब,
स्वार्थीपनले जीवनमा ल्याउने छ हदैसम्म निराशा !
मुक्तक ४
बढ्दै छन् देश द्रोही र बलात्कारीहरु गनेर साध्य छैन
बनाऔं कडा नीति नियमहरु छिट्टै भनेर साध्य छैन
हुन लाग्यो आज आफ्नै मुलुक विरानो भूमि जस्तो
जीउँदै पुरी दिनेलाई खाडलहरु यहाँ खनेर साध्य छैन


राम नारायण चौधरी
ईश्वरपुर न. पा. ७
सर्लाही

मुक्तक १
टुँडाल मस्तछन् ,मन्दिर फोरिन्छन्
साक्षी छन् गजुर ,मूर्ती चोरिन्छन्
खुलै थिए आँखा , स्वयम्भूका यहाँ
देखादेख सधैं घटना दोहोरिन्छन् ‼
मुक्तक २
मनको आँखा खोल्नु , अध्यात्म ध्यानमा
सबै जीवमा ईश्वर ,परमात्मा छ्न ज्ञानमा
तुलसी मन्जरी भन ,वा मञ्जु घोष प्यारा
नियन्त्रण गर्नु वाणी,पर्दैन दुख ज्यानमा !
मुक्तक ३
आँसु पुछ्ने रुमाल दियौ, माया बोक्ने बर्को
जिस्काईरहदा बोलाईरहदा, लाग्दैनथ्यो झर्को
सिंदुर पोते लगाउ कान्छी राम्री लाग्छ भन्छौ
डुलाइरन्छौ नजर प्यारा ,भेट्यौ कि त अर्को ‼
मुक्तक ४
बाहिर चोट देखिदैन कतै ,दुखे जस्तो लाग्छ
आँखाभित्र मुटुभित्र व्यथा ,लुके जस्तो लाग्छ
भावनामा दुख्न सक्छ सखी ! तिम्रो ह्र्दयमा
उकुसमुकुस देख्छु नाकमुख ,सुके जस्तो लाग्छ


मञ्जुश्री गिरी
विराटनगर

मुक्तक १
स्याल रुँदै गर्छ , कुकुर भुक्दै गर्छ
पुलिस आउँदै गर्छ, चोर लुक्दै गर्छ
आफ्नो सकारात्मक रुचिमा रम्छु म
काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ !
मुक्तक २
कलियुग हो बिग्रन्छ मति, के भन्नू खोइ ?
आफ्नै बुद्धिले हुन्छ दुर्गति , के भन्नू खोई ?
चितामा नजले के भो चिन्तामा जलाउछौ
जानै पर्दैन कुनै नारी सती, के भन्नू खोई ?
मुक्तक ३
तिम्रो उपहारमा शराव, पाएँ, म बर्बाद भै दिए
उपहार को यो नकाव, लाएँ, म बर्बाद भै दिएँ
साहित्यिक यात्रामा हिंडन खोज्दै थिएँ आफू
तिखो चोटिलो भाव, खाएँ, म बर्बाद भै दिएँ
मुक्तक ४
स्वर्ग यहि हो, न जातीय विभेद, न धार्मिक द्वन्द छ
खुसी या दर्दमा सबलाई अँगाल्छ, अति आनन्द छ
नसोध, मन्दिर(मस्जिद भन्दा पवित्र मदिरालय भो,
प्रवेश निषेध छ, न छ करकाप बरु झन् स्वच्छन्द छ !


सुमन सिंगल
परिवर्तन टोल
झापा

मुक्तक १
बेवारिसे शव झै छ ,बेकार जिन्दगी
खुकुरी को जस्तो छ ,धार जिन्दगी
तिमी भन्छ्यौ मुस्कान कता हरायो,
मलमले निको भएन दरार जिन्दगी
मुक्तक २
दुई तिहाइ दिए पनि सरकार बलियो भएन
गरिब पिछडिएको बर्गहरुको मियो भएन
राजतन्त्रमा जस्तो थियो उस्तै छ अन्धकार,
कालो बादल हटाउने चम्किलो दियो भएन
मुक्तक ३
केरुङ्ग बाट छुकछुक रेल आयो चढ्न नमिल्ने ।
चुच्चे नक्साको किताब आयो पढ्न नमिल्ने ।
सिमा मिचिदा मर्न,मार्न तयार छौ हामी नेपाली,
आदेश छैन सरकारको अगाडि बढ्न नमिल्ने ।
मुक्तक ४
लुकि लुकि आँखामै गुलेली हान्यौं खुब मजाले ।
सोझा निमुखाहरुलाई ढाट्न जान्यौं खुब मजाले ।
आफूले आफूलाई नै खुबै विवेकशील संझन्थ्यौं
महाकाली बेच्ने दुष्टलाई पो छान्यौं खुब मजाले ।


नवराज खरेल
स्वर्गद्वारी प्यूठान
हाल दाङ

मुक्तक १
मेरा हरेक स्वीकारोक्ति बैगुन ठान्नेलाई
मनको मलम बन्न खोज्दा नुन ठान्नेलाई
समर्पणमा मुटु झिकी पाउमै राखिदिँदा पनि
के भन्न मिल्ला बालुवाको बिस्कुन ठान्नेलाई ?
मुक्तक २
चाहना छ आँखा खुल्दा तिमीलाई नै हेर्न पाऊँ
खुशीका पाना सँगै भरी सँगै दु:ख केर्न पाऊँ
कुनैबेला मनको इच्छा के छ भनी सोध्यौ भने
म त भन्छु जीवनभरि सास नि सँगै फेर्न पाऊँ !
मुक्तक ३
अवैध धन्दाबाट आर्जित धनले पनि बिझाउँछ
बगलीमा छुरा राख्ने आफ्नोपनले पनि बिझाउँछ
याद राखौं लिनु दिनु मीठो बोली मात्रै हो आपसमा
मनमा कालो भएकाको वचनले पनि बिझाउँछ !
मुक्तक ४
जित्न खोज्ने तिमी अनि हार्न नमान्ने म पनि उस्तै
दिल दाउमा राख्ने तिमी, खेल्नै नजान्ने म पनि उस्तै
गफले दुई किनारा जोड्ने तिम्रो कुटिल चाल बुझेर नै
क्षणिक नातालाई कहिल्यै आफ्नो नठान्ने म पनि उस्तै !


मिना चौलागाईं
काभ्रे पाँचखाल


मुक्तक १
तिल जत्रो कुरा पहाड बनाएर !
दुनियाको सामु बदनाम गराएर !
आखिर फसाई छाड्यौ हैन?
प्रेम हत्याको आरोप लगाएर !
मुक्तक २
उडेर जहाज आखिर कहाँ जाँदो हो ?
खचाखच भरेर मान्छे कहाँ लाँदो हो ?
मेरो छोरो पनि बालकैमा परदेशी भाछ,
विचरा शोकमै छकि पेटभरि खाँदो हो ?
मुक्तक ३
स्वर्गमा सबैको आफ्नै घर हुनुपर्छ
कि त्यहाँ सुविधायुक्त शहर हुनुपर्छ
नत्र जो जान्छन् ति किन फर्किदैनन् ?
पक्कै मृत्यु एकदमै सुन्दर हुनुपर्छ !
मुक्तक ४
समाप्ति गरुँ या सुचारु गरुँ तिमिनै भन !
अझैनि सुन्यतामा लर्खराउदै छ जिवन !
तर आभास हुनै छाड्यो जिउदै छु या मरें,
कुरुवात भन्छन् सुस्तरि चल्दैछ धड्कन !


सिताराम खड्का
काभ्रे
पाँचखाल


मुक्तक १
मनभरी पिर ,चिन्ता बोकेर बाँचेकी छिन्
सधै भरि आँसुको भेल खेपेर बाँचेकी छिन्
छोरो श्रीमती लिएर परदेश तिर लागे पछि,
आमा सडकमा मकै बेचेर बाँचेकी छिन्
मुक्तक २
तिम्रै याद ले लगातार हान्छ तिर के गरुम्
गर्दिन भन्दा पनि लागिहाल्छ पिर के गरुम्
तिम्रो याद आउने हरेक चिज नस्ट गर्दैछु,
तिमी नै भन प्रिया तिम्रो तस्बिर के गरुम्
मुक्तक ३
न सकियो जित्न अनि न सकियो हार्न पनि
पीडाहरु धेरै भयो सकिएन हासेर टार्न पनि
आत्महत्या गर्ने लाई कायर न सोच्नुस महोदय
ठूलो हिम्मत चाइन्छ आफुले आफैलाइ मार्न पनि
मुक्तक ४
पुजेको छु देवता गएको छु मन्दिर केही त होलानि
चढाएँ अक्षता अनि चढाएँ अबिर केही त होलानी
म भोकै बसेर भगवान तिमिलाइ प्रसाद चढाएको छु
ए भगवान अब त मेरो मनको पिर केहि त होलानी


बिजय घिमिरे बिफल
बनेपा २

मुक्तक १
एउटा सानो वनचरिको कति सुन्दर घर ।
वाज आई भत्काएर तोडिदिने डर ।
चुच्चो वाटै सिर्जनाका रुप सजाएर,
वनाएको घर उस्को क्षितिज भन्दा पर ।
मुक्तक २
अतितलाइ सम्झिसम्झी जीउने मान्छे होइन म
वर्तमान भुली दुखी मन सिउने मान्छे होईन म
हजारौ दु:खहरु आएका छन् मेरै थाप्लो माथी
दु:ख पछि लगाएर खुसी पिउने मान्छे होईन म ।
मुक्तक ३
भित्रभित्रै तड्पिदा तड्पिदै बाहिर रुनै बिर्सेछु
भिजेका ती परेलीलाई पानीले धुनै बिर्सेछु
एक्लै हुदा सारा दु:ख मै माथि थुपरिए जस्तै लाग्ने
पीडा र चिन्ताले कसैले बोलाको सुन्नै विर्सेछु
मुक्तक ४
हुनुपर्छ मान्छेका पाखुरीमा पुरुषार्थ र मनमा उत्साह
संसारमा सुख हुन्न कसैलाई पनि गरेर अरुको डाह
सिपालु र जाँगरिलो नङ्गा चुच्चाले चरी सुखी छ
मानिससँग छ साधन बुद्धि र ज्ञान विवेक अथाह ॥


अम्विका अधिकारी
झापा
हाल काठमाण्डौ

मुक्तक १
पीडा पनि कति कति लुतो झैं चिलाउने
दु:खको बिचमा थोरै खुशी छ जिलाउने
सँघर्ष गरेर जिन्दगी सुधार्न खोज्दछु म
दु:ख आँधी झैं आउँछ खै कता मिलाउने
मुक्तक २
धरामा छ सौन्दर्य यतै भुलूँ भुलूँ लाग्छ
सुन्दर शान्त नेपालमा डुलूँ डुलूँ लाग्छ
हजारौं हजार भमराहरू झुल्छन् सधैं
लाली गुँरास भै डालीमा फुलूँ फुलूँ लाग्छ
मुक्तक ३
परदेश पसेपछि निक्कै अत्यास लाग्दैछ
बाडूल्की अचेल किन छ्यास छ्यास लाग्दैछ
यादमा रुन्न तिमी सम्झिएर पागल हुन्न भन्थें
तर, सागर साथमा हुँदा पनि प्यास लाग्दैछ ॥
मुक्तक ४
सधै भरि आमा भन्दै त्यो काखमा रून पाउँ आमा
सिर झुकाएर कोमल पाउ हजुरैको छुन पाउँ आमा
चाहाना ठूलो राख्दिन म अरु केही पनि माग्दिन म
जुनि जुनि सयौं जुनि हजुरकै सन्तान हुन पाउँ आमा


प्रकाश पाठक 'योगी'
भरतपुर २३ जगतपुर
चितवन नेपाल
दोहा कतार

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५
गो.हु.का. द.नं. १/२०७७/०७८



## नागरिक.........

नेपालमा खोलुन् । लगानी मैत्री बातावरणहोस, नेपलका युवाहरुले आफ्नै देशमा काम गर्न पाउन । बिदेश जान नपरोस जस्ता नेपालीहरुको चाहाना प्रजातन्त्र आएको ७० बर्षसम्म पुरा हुन सकेन । उल्टै उधोग कलकारखाना भएका पनि बन्द गराए । मजदुरको नाममा मजदुर आन्दोलन गरेर नेताजतिले काठमाडौ लगायत ठुला शहरमा घर बनाए तर बास्तविक मजदुरले दुईपैशा कमाएर छोराछोरी पालिरहेका थिए त्यो कारखाना बन्द हुदा बिदेश जानुको बिकल्प रहेन ।

यस्ता खालका आन्दोलनले पनि नेपाललाई नोक्सान पुऱ्याएको छ । अहिले उठेको नागरिक आन्दोलन पनि त्यो नहोस ।

वास्तिविक नेपालको हित चिताउने दिर्धकालीन योजना भएको नेपालको भुगोल, जनसंख्या, बस्तुस्थिति बुझ्केको मानिसले नेतृत्व गर्ने अवसर पायो भने मात्र यो नेपाली जनताको चाहाना पुरा होला । नभए उही पुरानै तरिका अपनाउने र सधैं सधैं आन्दोलन पात्राहरु फेरिरहने तर देशको मुहार कहिल्यै नफेरिने चलन दोहोरिरहन्छ । यसको अन्त्य अहिलेका युवा पुस्ताले खोज्नुपर्छ । नकी त्यो यो पार्टी त्यो पार्टी भनेर होईन असल, सक्षम, योग्य जसले योजना दिन सक्छ । त्यस्ता प्रखर युवाहरुले देश चलाउने आट गर्नुपर्छ बिरोध गरेर कुरा काटेर बसेर पार्टीको झोला बोक्न होइन म यो गर्छु भन्ने योजनाको प्रतिस्पर्धामा भाग लिएर नेपालमुखी सिद्धान्तमा आधारित भएर काम गर्न आट गरे मात्र नेपालले निकास र बिकास पाउन सक्छ ।

## विशिष्ट.....

योगेशकुमार भट्टराई र संस्कृति पुरुष सत्यमोहन जोशीले संयुक्तरुपमा सार्वजनिक गर्ने तयारी भइरहेको गीतकार आचार्यले जानकारी दिनुभयो ।

## नेपाल....

इयूले प्रसंशा गरेको छ, यसबाट पनि प्रष्ट हुन्छ इयू मानसिक रुपमा तयार भइसकेको छ, अब प्राविधिक प्रक्रिया पूरा गरेर छिट्टै नेपाललाई सुरक्षा सूचीबाट हटाउनेछ ।"

विमानस्थलका निमित्त महाप्रबन्धक देवचन्द्रलाल कर्णले पनि आइकाओको पाँच विषयवस्तुलाई आत्मसात् गर्दै निरन्तरताको प्रयासबाट नेपालले उल्लेख्य प्रगति गरेको तथा आइकाओ दिवसकै सन्दर्भमा इयूले नेपालमाथि लगाएको उडान प्रतिबन्ध खुला गर्ने सङ्केत दिने गरी जारी गरेको विज्ञप्तिबाट नेपाल इयुको सुरक्षा सूचीबाट चाँडै हट्ने विश्वास व्यक्त गर्नुभयो ।

क्यानका अनुसार कोभिड सङ्क्रमण कम हुनासाथ इयूको प्रतिनिधिमण्डलले नेपालको हवाई उड्डयन क्षेत्रको प्राविधिक मूल्याङ्कनपछि नेपाललाई सुरक्षा सूचीबाट हटाउने छ ।

**आइकाओ दिवसमा झण्डोत्तोलन**

डिसेम्बर ७ अर्थात् अन्तरराष्ट्रिय नागरिक उड्डयन (आइकाओ) दिवस आज नेपालमा पनि विविध कार्यक्रम गरी मनाइँदै छ । छयत्तरौं आइकाओ दिवसका अवसरमा आज त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा झण्डोत्तोलन गरियो ।

सो सन्दर्भमा नागरिक उड्डयनमन्त्री भट्टराईले त्रिभुवन विमानस्थलको टर्मिनल भवन परिसरमा नेपालको राष्ट्रिय झण्डा र आइकाओको झण्डोत्तोलन गर्नुभयो ।

मन्त्रालय र क्यानले आयोजना गरेको उक्त कार्यक्रममा मन्त्रालयका सचिव यादवप्रसाद कोइरालालगायत मन्त्रालय, क्यान, विमानस्थल र नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) का कर्मचारी, निजी क्षेत्रका वायुसेवा प्रदायक कम्पनीका प्रतिनिधि एवं पर्यटन व्यवसायीको सहभागिता थियो । कोभिड-१९ महामारीका कारण यस वर्ष विगतमा झैं बिहान प्रभातफेरी आयोजना गरिएन । स्वास्थ्य मापदण्ड पालना गर्दै सामाजिक दूरी कायम गरेर सीमित सङ्ख्याको उपस्थितिमा औपचारिक कार्यक्रम गरिएको हो । सन् १९०३ डिसेम्बर ७ तारिखका दिन अमेरिकी राइट ब्रदर्सले पहिलोपटक हवाई जहाज उडाएको सम्झनामा यो दिवस मनाइने गरिन्छ । सन् १९९४ मा अन्तरराष्ट्रिय नागरिक उड्डयन संस्थाको ५०औँ वार्षिकोत्सवका अवसरमा दिवस मनाउन शुरु गरिएको हो । पछि संयुक्त राष्ट्र सङ्घ महासभाले पनि डिसेम्बर ७ लाई अन्तरराष्ट्रिय नागरिक उड्डयन दिवसका रुपमा मान्यता दिएको थियो । सन् १९५७ मा नेपालमा क्यान स्थापना भएको हो ।

## सेतो.....

पुगी त्यही बाटो फर्काउने परम्परा छ ।

## दुई....

बताउनुभयो । उहाँका अनुसार विराटनगरमा छ किलोमिटर सडकमा समस्या भएकाले बोलपत्रको काम हुन सकेको छैन । सामाजिक विकासमन्त्री घिमिरेले आगामी दुई वर्षभित्रमा राजमार्ग सञ्चालन गर्ने गरी काम गर्न आयोजना प्रमुखलाई निर्देशन दिनुभयो । उहाँले सडक निर्माणमा भएका समस्याबारे प्रदेश सरकारले पनि पहल गर्ने भन्दै हुलाकी सडकको चर्चा धेरै भए पनि काम नदेखिएको मन्त्री घिमिरेले चिन्ता व्यक्त गर्नुभयो । मन्त्री घिमिरेले डिभिजन सडक कार्यालयका प्रमुख पशुपति ज्ञवालीसँग पनि मोरङ र सुनसरीका पुलको अवस्थाका बारेमा पनि जानकारी लिनुभएको छ । प्रमुख ज्ञवालीले चालु आर्थिक वर्षभित्रमा करिब १० वटा पुल निर्माण सम्पन्नको चरणमा रहेको बताउनुभयो । पुल निर्माणका लागि आवश्यक बजेट विनियोजन नहुँदा निर्धारित समयमा काम पूरा हुन नसकेको उहाँले बताउनुभयो ।


# हार्दिक बधाई



हाम्री भान्जी काजोल घिमिरेको यहि २२ गते काठमाडौको छोछो पार्टी प्यालेसमा सुरेन्द्र खड्कासँग शुभविवाह सम्पन्न भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछु साथै पुर्ण दामपत्य जीवनको शुभकामना ब्यक्त गर्दछु ।

बिष्णु भण्डारी
अध्यक्ष
जडीबुटी ब्यवसायी संघ नेपाल
तथा
न्यू भण्डारी ट्रेडर्सका प्रोपाईटर



# सिप्रदीद्वारा पोखरामा मोटरसाईकल वर्कशप लाई म्याक सर्भमा स्तरोन्नती

भारत पेट्रोलियम कर्पोरेशन लिमिटेडद्वारा उत्पादित विश्व प्रसिद्ध म्याक ल्युब्रिकेन्टस् र नेपालका लागि म्याक ल्युब्रिकेन्टस्को आधिकारिक बितरक सिप्रदी ट्रेडिङ्ग प्रा. लि. को संयुक्त परियोजनामा, नेपालको पर्यटकिय स्थल पोखराको केन्द्रबिन्दु राष्ट्रबैंक चोकमा रहेको श्रीराम मोटरसाईकल वर्कशप लाई




म्याक सर्भमा स्तरोन्नती गरिएको छ । म्याक सर्भको उद्घाटन कार्यक्रम भारत पेट्रोलियम कर्पोरेशन लिमिटेड ल्युब्स्का कन्ट्री म्यानेजर मुकुन्द धमला, सिप्रदी ल्यब्स्का डेप्युटी जनरल म्यानेजर रोशन कुमार श्रेष्ठ र टु ह्वीलर एसोसिएसन पोखराका अध्यक्ष लक्ष्मण के. शी. को उपस्थितीमा सम्पन्न भयो । म्याक सर्भमा ग्राहक महानुभावहरुले अत्याधुनिक उपकरणहरुबाट उत्कृष्ट र उच्चस्तरीय सर्भिसिङ सेवा प्राप्त गर्न सक्नेछन । जहाँ म्याक ल्युब्रिकेन्टस्को प्रयोग गरि मोटरसाईकल तथा स्कुटरहरुको सर्भिसिङ सेवा प्रदान गरिनेछ । उक्त वर्कशपमा ग्राहक महानुभावहरुले कुनैपनि ब्राण्डको मोटरसाईकल तथा स्कुटरहरुको सर्भिसिङ गरि उत्कृष्ट सेवा प्राप्त गर्न सक्नुहुनेछ । यस वर्कशपले बिभिन्न ब्राण्डका जेन्युइन पार्टपुर्जाहरु पनि उपलब्ध गराउदै आइरहेको छ । म्याक सर्भको स्तरोन्नती गरिएको अवसरमा डिसेम्बर, २०२० सम्म यस वर्कशपमा सर्भिसिङ गर्दा म्याक ल्युब्रिकेन्टस्मा १५ प्रतिशत, लेवर चार्जमा २० प्रतिशत र अन्य पार्टस् हरुमा १० प्रतिशत सम्मको छुटको ब्यवस्था गरिएको छ ।


# हार्दिक श्रद्धाञ्जली



स्व. रहरी श्रेष्ठ

हाम्री ममता–मयी रहरी श्रेष्ठको ८८ बर्षको उमेरमा दुःखद निधन भएको छ । उहाको आत्म चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ साथै हामीलाई यस दुःखद घडीमा सदभाव प्रेरेणा दिएर सहयोग गर्नुहुने सम्पुर्ण आफन्तजनलगायत सवैलाई धन्यवाद ब्यक्त गर्दछौ ।

छोराहरु
चेत ब. श्रेष्ठ
मीन ब.श्रेष्ठ

छोरीहरु
रत्न कुमारी थापामगर
पदम कुमारी मगर
मैया नगरकोटी
खुचेमाया मगर

सम्पुर्ण आफन्त जनहरु


जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस